# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष २ अङ्क ८ पूर्णाङ्क ५७ | २०७४ साउन २३ गते सोमबार | Monday, August 7, 2017 | पृष्ठ ८ | मूल्य रु. १०।-


## एक सातादेखि रुकुममा विद्युत् सेवा बन्द

रुकुम । रुकुम जिल्लाको सदरमुकामसहित मुसिकोट नगरपालिकामा विद्युत सेवा एक सातादेखि बन्द भएको छ । एक हप्ता अगाडि केन्द्रीय प्रशारण लाइन र स्यार्पुदह साना जलविद्युत् योजनाको पावरहाउसमा रहेको मेसिन बिग्रेपछि विद्युत सेवा बन्द भएको हो ।

विद्युत् सेवा बन्द भएको कारणले सरकारी कार्यालय, स्वास्थ्य सेवा तथा प्रशासनिक कामहरू अत्यन्त प्रभावित बनेको छ । जनताको नागरिकता बनाउने देखि अस्पतालमा विरामी उपचारमा समेत समस्या उत्पन्न भएको जिल्ला प्रशासन कार्यालय श्रोतले बताएको छ । सेवा बन्दको प्रभाव साना तथा मझौला चार दर्जनभन्दा बढी उद्योग, पाँचवटा एफएम रेडियोका प्रसारणमा समेत परेको छ ।

उता विद्युत प्राधिकरणको कार्यालय समस्या सुल्झाउन जोडतोडले काम भइरहेको दाबी गरेतापनि स्थानीय जनताहरूले प्राधिकरणको काम प्रति सन्तुष्ट भएका छैनन् । प्राधिकरणले अझै केही दिनमा मात्र सेवा सुचारु हुने जानकारी दिएको छ ।

# असमान सन्धि सम्झौता खारेजको माग गर्दै ज्ञापनपत्र

◆ वर्गदृष्टि संवाददाता

काठमाडौं । माथिल्लो कर्णाली अरुण तेस्रोसहित भारतसँग भएका असमान सन्धी सम्झौता खारेजी तथा पुनरावलोकनको माग गर्दै विभिन्न राजनीतिक दलका नेता, विशेषज्ञ तथा सरोकारवालाले प्रधानमन्त्री शेरबहादुर देउवालाई ज्ञापनपत्र बुझाएका छन् ।

प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय सिंहदरबारमा पुगेर नेकपा (क्रान्तिकारी माओवादी) का अध्यक्ष मोहन वैद्य 'किरण', राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीको नेतृत्वमा गएको टोलीले माथिल्लो कर्णाली परियोजना निकै सस्तो लागतमा निर्माण हुने सम्भावना बोकेको आयोजना भएकाले भारतीय कम्पनीसँग भएको सम्झौतालाई खारेज गरी नेपालका लागि निर्माण गर्नुपर्ने माग गर्दै ज्ञापनपत्र बुझाएको हो ।

टोलीले माथिल्लो कर्णाली सम्झौता खारेज गरी सो परियोजना नेपालका लागि निर्माण गर्नुपर्ने, भारत र चीनबीच भएको लिपुलेक सम्झौता खारेजीका तत्काल पहल गर्नुपर्ने, भूकम्प पीडितलाई राहत प्रदान तथा पुनर्निर्माणलाई तदारुकताका साथ अघि बढाउनुपर्ने, काठमाडौँमा खानेपानी पाइप बिस्तारका क्रममा बनाइएका खाल्डाखुल्डी पुर्दै आम जनताको समस्या तत्काल समाधान गर्न तथा देशका विभिन्न स्थानमा गएको बाढी पहिरोबाट पीडितहरूलाई राहत प्रदान गर्न ध्यानाकर्षण गराइएको छ ।

प्रधानमन्त्री शेरबहादुर देउवाले आगामी भदौंको पहिलो साता गर्न लागेको भारत भ्रमणको पूर्वसन्ध्यामा सो प्रतिनिधिमण्डलले भारतसँग भएका असमान सन्धी सम्झौतालाई लिएर ध्यानाकर्षण गराउँदै दुई देश बीचको सम्बन्ध समानता, सहअस्तित्व तथा आपसी भाइचाराका आधारमा सुदृढ गर्न तथा असमान सन्धी सम्झौताहरूको खारेजी तथा पुनरावलोकन गर्न आग्रह गरेको हो ।

प्रतिनिधिमण्डलले नेपाल सरकार र भारतको सतलज जनविद्युत कम्पनीबीच भएको अरुण तेस्रो सम्झौता र जीएमआरसँग भएको माथिल्लो कर्णाली सम्झौता दुवै नेपालको हितविपरित रहेकाले खारेज गर्न माग गरेको छ । २०७१ असोज ३ गते भएको माथिल्लो कर्णाली परियोजना विकास सम्झौता (पीडीए) मा नेपालको प्रतिकूलका प्रावधानका कारण जीएमआरले बदमासी गरेमा नेपाल सरकार उठ्नै नसक्ने गरी आर्थिक संकटमा फस्ने उनीहरूको दाबी छ ।

नेपाल सरकार र जीएमआरबीच भारतमा विद्युत निर्यातका लागि बनाउने भनिएको माथिल्लो कर्णाली परियोजना नेपालको हित विपरित भएको साथै २०६६ पुस ३ गते माथिल्लो कर्णालीको क्षमता गैरकानूनीरूपमा ३ सय मेगावाटबाट ९ सय मेगावाट पुऱ्याउदा अन्तरिम संविधान २०६३ को धारा १५६ र वर्तमान संविधानको धारा २७९ लाई समेत छलेका कारण माथिल्लो कर्णालीविरुद्ध दायर रिट सर्वोच्चमा विचाराधीन रहेकाले माथिल्लो कर्णाली सम्झौता र पीडीए खारेज गरी नेपालका लागि निर्माण गरिनुपर्नेमा जोड दिइएको छ ।

माथिल्लो कर्णाली परियोजनाको बाँध प्रकृतिप्रदत्त भएका कारण २.४ किलोमिटर सुरुङ खन्दा नदीको पानी १ सय ५० मिटर तल जलविद्युतगृहमा खस्ने भएकाले निकै सस्तो मानिन्छ । यद्यपि जीएमआरले माथिल्लो कर्णालीको लागत सुरु मा नै १ खर्ब ३९ अर्ब देखाएको थियो भने हाल त्यसमा २५ अर्ब बढाएर १ खर्ब ६४ अर्ब पुऱ्याइएको छ ।

पीडीएअनुसार जीएमआरले २०७३ असोज २ गतेभित्र लगानी जुटाइ सक्नुपर्नेमा हालसम्म पनि लगानी जुटाउन सकेको छैन । नेपाल सरकारले विश्व बैंकको सहयोगमा गरेको अध्ययनले हाल जीएमआरलाई अनुमति दिइएको बाँधस्थलमै जलाशय परियोजना निर्माण गरी ४ हजार १ सय ८० मेगावाट विद्युत उत्पादन गर्न सकिने देखिएको छ ।

प्रधानमन्त्री देउवाले ज्ञापनपत्र बुझेपछि संक्षिप्त भनाई राख्दै माथिल्लो कर्णाली परियोजनालाई नेपालको हितमा बनाउन आफू प्रतिबद्ध रहेको बताए ।

नेकपा (क्रान्तिकारी माओवादी) का अध्यक्ष मोहन वैद्य 'किरण'ले माथिल्लो कर्णाली आयोजनाले नेपाली राष्ट्रिय स्वाधीनता र जनजीविकामा प्रतिगामी भूमिका निर्वाह गर्ने भएकोले ...बाँकी ८ पेजमा

## केसीको अनशनमा क्रान्तिकारी माओवादीको ऐक्यबद्धता



काठमाडौं । चिकित्सा क्षेत्र सुधारका विभिन्न मागहरू अगाडि सार्दै ११ औं पटक अनसनरत डा.गोविन्द केसीको अनसनको १२ औं दिन शुक्रबार नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य' किरण'ले डा. केसीका मागहरूप्रति अनसन स्थलमै पुगेर ऐक्यवद्धता जाहेर गरेका छन् ।

डा. केसी अनसनरत शिक्षण अस्पतालमा बेलुका ५ बजेतिर पुगेका अध्यक्ष वैद्यले डा. केसीलाई भेटेर भने, 'तपाईंले अगाडि सारेका मागहरू एकदम आवश्यक र सही छन्, हाम्रो ऐक्यबद्धता छ । स्वास्थ्यको ख्याल गर्नुहोला ।' नेपाल राष्ट्रिय प्राध्यापक संगठनका अध्यक्ष प्रा.डा. जगदिशचन्द्र भण्डारी र क्रान्तिकारी पत्रकार महासंघका अध्यक्ष इन्द्र राउतका साथमा डा. गोविन्द केसीलाई भेट्न पुगेका वैद्यले केसीका मागहरू पूरा गराउन राज्यलाई चौतर्फी दबाब दिनुपर्ने आवश्यकता औल्याएका थिए ।

डा. केसीको सत्याग्रहप्रति नेपाल राष्ट्रिय प्राध्यापक संगठनका अध्यक्ष प्रा.डा. जगदिशचन्द्र भण्डारी र क्रान्तिकारी पत्रकार महासंघका अध्यक्ष इन्द्र राउतले पनि ऐक्यवद्धता जाहेर गर्दै केसीको स्थास्थ्यप्रति चिन्ता जाहेर गरेका थिए । यसैबीच, डा. गोविन्द केसीका समर्थकहरूले शनिबार प्रदर्शन गर्दैछन् ।

# 'क्रान्तिको आधार तयार पार्दैछौं'

### केबी गुरुङको नेतृत्वमा देजमोको ५ नम्बर प्रदेश समिति, ३ नम्बर प्रदेशमा श्रेष्ठ, २ नम्बरमा चौधरी

● वर्गदृष्टि संवाददाता

दाङ । नेकपा (क्रान्तिकारी माओवादी) का कार्यालय सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चाका सचिव परि थापाले आफूहरू नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्नका लागि क्रान्तिका आधार तयार गर्ने प्रक्रियामा जुटिसकेको बताएका छन् ।

देशभक्त जनगणतान्त्रिक मोर्चाको ५ नम्बर प्रदेशको भेलालाई सम्बोधन गर्दै थापाले अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा धेरै पहिलेदेखि नै संयुक्त मोर्चाको अभ्यास सुरु भएको उल्लेख गर्दै उनले चीन र युरोपेली मुलुकमा प्रयोग भएका मोर्चाको उदाहरण प्रस्तुत गरेका थिए ।



अहिले क्रान्तिकारी माओवादी पनि नेपाली क्रान्तिलाई पूर्णता प्रदान गर्नका लागि जुटेको उल्लेख गर्दै उनले त्यसैलाई टेवा पुऱ्याउनका लागि देशभक्त जनगणतान्त्रिक मोर्चाको निर्माण गरिएको स्पष्ट पारे । कम्युनिस्ट पार्टीको सदस्य बन्नका लागि भौतिकवादी हुनुका साथै आम मानिसभन्दा माथिल्लो स्तरको चेतना हुनुपर्ने भएपनि यस्तो मोर्चामा राष्ट्रवादी, मुक्तिकामी र परिवर्तनको पक्षमा रहेका सबै सदस्य बन्न सक्ने उल्लेख गरे ।

मोर्चाले आफ्नो दर्ता प्रक्रियामा नै संघर्ष गर्नुरेको उल्लेख गर्दै उनले संघर्षकै माध्यमबाट मोर्चा देशैभर आम जनतासमक्ष पुग्ने विश्वास व्यक्त गरे । अहिले मोर्चाले क्रान्तिको आधार तयार पार्नका लागि देशैभर ...बाँकी ४ पेजमा

# 'अस्थायी शिक्षकका माग पूरा गर'



काठमाडौं । आन्दोलनरत शिक्षकहरूको माग अबिलम्ब पूरा गराउन नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य किरणले सरकारसँग आग्रह गरेका छन् । शुक्रबार आमरण अनसनसहित भद्रकालीमा धर्नामा बसेका अस्थायी शिक्षकहरूलाई सम्बोधन गर्दै अध्यक्ष किरणले आफ्नो माग पूरा नहुँदासम्म देशैभरका अस्थायी शिक्षहरूले एकताबद्ध भएर आन्दोलन अगाडि बढाउनु पर्ने आवश्यकता औल्याए । अस्थायी शिक्षकहरूलाई स्थायी बनाउनुपर्ने मुद्दा लामो समयदेखि उठेको चर्चा गर्दै अध्यक्ष किरणले प्रचण्ड प्रधानमन्त्री हुँदा आफूले पटक पटक यो मुद्दा उठाएको स्मरण गरे । "जबर्जस्त सरकारले अस्थायी शिक्षकलाई रोजगारीबाट बेदखल बनाउन पाउँदैन, सबै अस्थायी शिक्षकहरू आफ्नो अधिकारको लागि लड्न तयार हुनु पर्छ ।" अध्यक्ष किरणले सो अवसरमा भने । विगत चार दिनदेखि आमरण अनसनमा बसेका अस्थायी शिक्षकद्वय विष्णुहरि दनुवार र किसुनप्रसाद यादवलाई भेटी अध्यक्ष किरणले उहाँहरूको स्वास्थ्य ...बाँकी ७ पेजमा

# भारतविरुद्ध सैनिक अपरेशनको तयारीमा चीन

● एजेन्सी ।

बेईजिङ- भारत-चीन विवाद उत्कर्षमा रहेका बेला चीनले डोकलाम क्षेत्रबाट भारतीय सैनिकलाई हटाउनका लागि सैन्य अभियानको तयारी गरिरहेको समाचार बाहिर आएको छ । चीनको सरकारी मिडिया ग्लोबल टाइम्सले एक चिनियाँ विशेषज्ञ ह्यु झियोङको भनाई उद्दृत गर्दै चीनले भारतसँगको गतिरोध लामो समयसम्म कायम राख्ने पक्षमा नरहेकाले दुई साताभित्र डोकलामबाट भारतीय सैनिकलाई हटाउनका लागि सानो सैन्य अभियान चलाउने तयारी भइरहेको जनाएको छ ।

गत जुन १६ मा चीनले डोकलाम क्षेत्रमा सडक निर्माण गरिरहेका बेला भारतीय सेना हस्तक्षेप गर्न पुगेपछि भारत-चीनबीच विवाद सतहमा आएको हो । चीन र भुटानबीच विवादमा रहेको सो क्षेत्रमा भारतले भुटानको सुरक्षाका लागि भन्दै सेना तैनाथ गरेपछि तनाव सिर्जना भएको हो ।

सन् १८९० मा ब्रिटिस शासन रहेको तत्कालीन सिक्किम र तिब्बतबीच भएको सन्धीअनुसार डोकलाम क्षेत्र चीनभित्रै पर्ने भएपनि सन् १९६२ मा भारतले गरेको नक्सांकनमा भुटानमा पारिएको बताइएको छ । भुटानले भने सो क्षेत्रलाई पछि आएर दाबी गर्न थालेको हो । भुटानको सुरक्षाको जिम्मा आफ्नो भएको भन्दै सो भुटान, चीन र भारतबीचको त्रिदेशीय सीमानामा रहेको सो क्षेत्रमा सेना परिचालन गरेको थियो । चीनले भने भारतलाई सो क्षेत्रबाट तत्काल बिनाशर्त सेना फिर्ता लैजान आग्रह गर्दै आएको छ ।

केही दिनअघि चीनले १५ पृष्ठ लामो विज्ञप्ति जारी गर्दै सो क्षेत्रमा पछिल्लो समयमा उत्पन्न विवादपछिको अवस्थाबारे ...बाँकी ८ पेजमा

# प्रचण्डको 'पार्टी विघटन गर्ने' चर्चाबारे

केही दिन पहिले नेकपा (माके) को एउटा शिर्ष तहको बैठकका सन्दर्भमा त्यस पार्टीका अध्यक्ष प्रचण्डले आफ्नै पार्टी विघटन गर्नुपर्ने कुरा उठाएपछि यस विषयले केही दिन चर्चा पायो । प्रस्तुत लेखमा यसै विषयसँग सम्बन्धित रहेर केही थप चर्चा गर्ने प्रयत्न गरिने छ ।

*जति बेला नेकपा (माके) ले नयाँ जनवादी क्रान्तिको कार्यदिशा छाडेर संसदीय व्यवस्थालाई आत्मसात गर्न पुग्यो, त्यतिबेलैदेखि यसको कम्युनिष्ट आन्दोलनबाट विघटन भैसकेको थियो । यसको दक्षिणपन्थी नवसंशोधनवादी पार्टीका रूपमा पुनर्गठन भएको थियो । पश्चगामी संविधान निर्माण र त्यसलाई लागू गर्नमा प्रमुख भूमिका खेल्ने काम गरेपछि र पुनः प्रचण्डले भारतीय विस्तारवादसँग आत्मसमर्पण गरेर नेकासँग गठबन्धन गर्दै प्रमको रूपमा भारतीय प्रमसँग २५ बुँदे राष्ट्रघाती सहमति गरिसकेपछि यसको प्रतिकृयावादीकरणको प्रकृया पनि पूरा भयो ।*



● सीपी गजुरेल 'गौरव'

**'हजारीलाल"को चर्चा**

झण्डै बर्ष दिन जति भयो होला, प्रचण्ड कै विशेष पहलमा क्रान्तिकारी कम्युनिष्ट पार्टीहरूलाई सांगठनिक रूपमा नै समाप्त पार्ने अभियान सुरु गरियो । यो अभियानको नाम राखियो, "माओवादी जति सबैलाई अब एउटै पार्टीमा समावेश गराउने" । माओवादी आन्दोलनले उठाएका सबै क्रान्तिकारी एजेण्डालाई परित्याग गरेर वर्गीय र राष्ट्रिय आत्मसमर्पण गरिसकेका प्रचण्डले आह्वान गरेको यो अभियानमा पहिलेको माओवादी आन्दोलनमा चर्चामा आएका धेरै पात्रहरू जोडिन पुगे । ती सबै समाहित भएको पार्टीको नामाकरण गरियो, नेकपा (माओवादी केन्द्र) (यस पछि संक्षिप्तमा नेकपा (माके) भनिने छ) । कुनै विचार वा राजनीतिक लाइनका आधारमा नभएर नितान्त आफू आफ्नै स्वार्थलाई केन्द्रमा राखेर गरिएको यो एकीकरणमा"सबै गुटहरूले आ-आफ्नो गुट र आ-आफ्नै स्वार्थ पुरा गर्न बल गर्नु स्वभाविक थियो । कम्युनिष्ट पार्टीको कुनै भेला जस्तो नभएर कुम्भमेला जस्तो देखिने त्यस जमघटले हजार जनाको केन्द्रीय समिति बनाएपछि, त्यसै केन्द्रीय समितिमा राखिएका एकजनाले त्यसको नाम "हजारिलाल" राख्दै आफु त्यस "हजारीलाल"बाट अलग भएको लेख नै लेखेर त्यसबाट अलग भए । त्यसपछि व्यांग्यात्मक रूपमा यसलाई "हजारीलाल" भन्न थालियो । पछि त्यसमा केन्द्रीय सदस्य थपिँदै गए, हजारीलाई साँढे दुई हजारीलाल बन्न पुग्यो । पछिल्लो चरणमा चर्चामा आए अनुसार त्यसको संख्या अहिले चार हजार पुगेको छ ।

**नेकपा (माके)बारे नयाँ मूल्यांकन**

हालै दुई चरणमा गरेर गराइएको निर्वाचनमा प्रमुख भूमिका प्रचण्ड कै नेतृत्वमा भएको सरकारले खेलेको थियो । आफ्नै हातमा डाडु पन्यु लिएर गरिएको यो निर्वाचनमा नेकपा (माके)को जुन अवस्था देखा पऱ्यो, त्यसले ठुलो पार्टी बनाएर राइँदाइँ गर्ने सपना बोकेर एकीकरणमा सामेल भएकाहरूलाई चिसो पानी खन्याए सरह हुनु स्वभाविक थियो । हारबाट निरास भएर अरु नै ठूला पार्टी खोज्नेतिरलागेका ...बाँकी ७ पेजमा

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

## सम्पादकीय

# गाउँ गाउँमा विस्तारित भ्रष्टाचार

स्थानीय तहको निर्वाचन सम्पन्न भएसँगै सिंहदरबारभित्र रहेको भ्रष्टाचार गाउँ गाउँमा विस्तारित भएको छ । निर्वाचित स्थानीय तहका प्रतिनिधिहरूले केन्द्रबाट गएको र स्थानीय तहमा भएको स्रोतको व्यापक दुरूपयोग गरिरहेका समाचारहरू अहिले बाहिर आइरहेका छन् । काठमाडौं महानगरपालिकादेखि दूरदराजका गाउँपालिकासम्म निजी लाभका लागि स्रोतसाधनको दुरूपयोग गर्ने क्रम बढेर गएको छ । लाखौं करोडौं खर्चेर चुनाव जितेका उनीहरूले स्थानीय तहमा विकास निर्माणलगायतका लागि गएको बजेटमाथि ब्रम्हलुट मच्चाउन थालेका छन् । जनप्रतिनिधिका जनविरोधी हर्कतहरू जनताले बुझ्ने गरी बढ्न थालेपछि उनीहरूप्रति जनतामा घृणा र वितृष्णा बढ्दै गएको छ ।


भ्रष्टाचार, कमिसन, अनियमितता, महंगी, कालोबजारी लगायतका निम्ति बद्नाम वर्तमान संसदीय व्यवस्थामा बन्ने गरेका म्यादी सरकारले राज्यको ढिकुटीमा ब्रम्हलुट मच्चाउँदै आएका छन् । हालै प्रकाशित एक तथ्यांकका अनुसार माओवादी केन्द्रका अध्यक्ष समेत रहेका पुष्पकमल दाहाल नेतृत्वको सरकारले आफ्ना नेता कार्यकर्तालाई राज्यको ढिकुटीबाट १२ करोड बाँडेको छ । कथित संसदीय संविधान जारी भएयता बनेका कोइराला, ओली र दाहाल नेतृत्वका सरकारले राज्यको ढिकुटीबाट अनावश्यक रूपमा २७ करोडभन्दा बढी रकम बाँडचुँड गरेर खाएका छन् । त्यसभन्दा अगाडिका ब्रम्हलुटको त कुनै तथ्यांक नै छैन । एकजना सचिव चुँडामणि शर्माले राजनीतिक नेतृत्वसँग मिलेर सेटिङमा २१ अर्बभन्दा माथि भ्रष्टाचार गरेको प्रमाणित हुँदा पनि यो वा त्यो वाहनामा उसलाई उन्मुक्ति दिने खेलहरू पनि भइरहेका छन् ।

अहिले पूर्वपदाधिकारीहरूलाई सुविधा प्रदान गर्ने विधेयकको चर्चा चलिरहेको छ । जनता सिटामोल खान नपाएर ज्यान गुमाइरहेका छन्, आफ्नो जीवन धान्न विदेशी भूमिमा नेपाली युवाहरू रगत पसिना बगाइरहेका छन्, जनता आफ्नो गाँस काटेर राज्यलाई कर तिरिरहेका छन् । तर आफ्नो सात पुस्तासम्मलाई पुग्ने सम्पत्तिमा मालिक रहेका र देशको शासन सत्तामा हालीमुहाली गरेका जनता-मारा शासकहरूलाई अनावश्यक रूपमा नेपाली युवाहरूले विदेशमा बगाएको पसिनाबाट प्राप्त रेमिट्यान्स र गाँस काटेर जनताले तिरेको करबाट जम्मा भएको राज्यको ढिकुटी रित्याई सेवा सुविधाहरू बढोत्तरी गर्न विधेयक नै प्रस्तुत गरेका छन् । पछिल्लो पटक संसद्बाट छलफलका लागि राज्य व्यवस्था समितिमा पठाइएको 'पूर्वपदाधिकारीलाई सुविधा प्रदान गर्ने सम्बन्धी विधेयक'लाई सरकारले फास्ट ट्रायकबाट पारित गर्न खोजेको छ । विधेयक पारित भएमा पूर्वपदाधिकारीलाई दिने सवारीसाधन, सुरक्षाकर्मी लगायतका लागि राज्य कोषमा वार्षिक ६ करोड ७८ लाख ६५ हजार रूपैयाँ व्ययभार थपिने देखिन्छ । त्यति मात्र होइन, पूर्वसांसद्लाई समेत पेन्सन हुनुपर्ने माग गर्दै सांसदहरूले संशोधन प्रस्ताव दर्ता गराएका छन्, त्यो भनेको एकपटक जनप्रतिनिधि भएपछि सधैंभरि राज्यकोषमा दोहन गर्ने उनीहरूको मनसाय देखिन्छ । शिक्षा, स्वास्थ्य, खानेपानी, खाद्यान्नलगायत गाँस, बाँस, कपासका आधारभूत आवश्यकताबाट बञ्चीत जनताको विशाल हिस्सा भोक, रोग र अभावबाट तड्पीरहेको छ भने अर्कोतिर शासकहरू जनताको रगत र पसिनामाथि ब्रम्हलुट मच्चाउन प्रतिस्पर्धा गरिरहेका छन् । मुलुकमा कथित लोकतन्त्रपछिका सरकार जनमुखी होइन, नातागोतामुखी भएका छन् । गरिब र विपन्नका नाममा गृह मन्त्रालयमार्फत् सरकारले जथाभाबी रकम बाँडेर लुट मच्चाएको छ । सरकार चाहे वाम हुन् वा दक्षिणपन्थी, मध्यपन्थी हुन् वा प्रजातन्त्रवादी, ध्यान दोहनमै छ । जति दिन हुन्छ सत्तामा टिक्ने, आफूले रुचाएकालाई राष्ट्रिय ढुकुटी बाँड्न, घुस-कमिसन र ठेक्काबाट कमाइमा आफूलाई केन्द्रित गर्नमै सरकारमा जानेहरूको ध्यान केन्द्रित हुने गरेको देखिन्छ ।

देश र जनतामाथिको यस्तो लुटलाई रोक्न वर्तमान संसदीय व्यवस्थाको विकल्पमा जनपक्षीय शक्तिको अहिले टड्कारो आवश्यकता खड्किएको छ । विगतमा देश र जनताको लागि भनेर जनयुद्ध लडेका माओवादीहरूको हिस्सा समेत अझ निजी स्वार्थका लागि राज्य दोहनमा नाङ्गै दौडिएपछि जनतामा माओवादी तथा कम्युनिष्ट राजनीतिक शक्तिप्रति समेत वितृष्णा जागेर आएको छ । यस्तो अवस्थामा सिद्धान्तनिष्ठ र आदर्शयुक्त मूल्यको राजनीति गर्ने जनपक्षीय तथा क्रान्तिकारी शक्तिलाई समेत चुनौती थपिएको छ । राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरू उठाइरहेको क्रान्तिकारी माओवादी लगायतका जनपक्षीय शक्तिहरूले देशमा भइरहेको यस्तो ब्रम्हलुटका विरुद्ध सशक्त रूपमा भण्डाफोर र जनकारबाहीका कार्यक्रमहरू लिएर जनताबीचमा जानुपर्ने देखिन्छ । जनपक्षीय क्रान्तिकारी राजनीतिक शक्तिबाहेक अरुले यस्तो ब्रम्हलुटलाई रोक्न सक्ने देखिन्न ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ ।
www.moolbato.com

# क्रान्तिकारी माओवादीहरूबीचको एकता, आजको आवश्यकता



● दीर्घप्रसाद पाण्डे ●

नेपाल कम्युनिस्ट पार्टी माओवादी २०५१ सालमा निर्माण भएको थियो । यो पार्टी कसैको विशेष योग्यता वा इच्छाले बनेको थिएन । २००६ सालदेखि ०५१ सालसम्म नेपाल कम्युनिस्ट पार्टीभित्र चलेको दुई लाइन सङ्घर्षको परिणाम थियो । अन्तर्संङ्घर्षकै बीच यो पार्टी बन्दा १९ जनाको सामुहिक नेतृत्वको केन्द्रीय समिति बनेको थियो । जसमा प्रचण्ड महासचिव थिए भने अन्यमा किरण, बादल, कान्छा बहादुर, आलोक, दिवाकर, कञ्चन, बिमल, अभ्यास, पम्फा, अनिल, दिपेन्द्र शर्मा, मात्रिका यादव, शितल कुमार, कमल प्रसाद, अनल आदि थिए । हाल आलोक र दिवाकरको मृत्यु भैसकेको छ, दिपेन्द्र शर्मा बेपत्ता छन् भने अनलले नेतृत्वदायी भूमिका छाडेका छन् । यसै नेतृत्वले देशमा जनयुद्ध सुरु गरी दश वर्षसम्ममा नेपाललाई उथलपुथल पारेको थियो । यो नेतृत्वपंक्तिमध्ये १५ जना अझै पनि माओवादीका विभिन्न समूहमा कृयाशिल नै छन् ।

तत्कालिन समयमा पार्टी विभाजन भएको थियो । संसदीय व्यवस्थाप्रति जनताको मोह थियो । देशभर पार्टी संगठन पनि थिएन । नेपालमा भएका सबै पार्टी संसदीय व्यवस्थालाई संसारको उत्कृष्ट व्यवस्था भन्दै एकजुट थिए । पार्टीसंग आर्थिक भौतिक केही साधन थिएन । यस्तो पार्टीले सशस्त्र जनयुद्ध गर्ने घोषणा गर्नु एक किसिमले हाँस्यास्पद देखिन्थ्यो । क्रान्तिका लामा-लामा बहस गर्ने आफूलाई क्रान्तिकारी हौं भन्नेहरूले गुलेली चलाउन नजान्नेले जनयुद्ध गर्ने अरे भनेर हाँसी मजाक गर्दथे । यस्तो अवस्थाको पार्टीले एक्काइसौं सताब्दीको उत्कृष्ट क्रान्ति कसरी गऱ्यो ? यस क्रान्तिले संसारभरका प्रतिक्रियावादीलाई कसरी हल्लायो ? अमेरिका लगायत संसारका प्रतिक्रियावादी देशहरूको समेत निन्द्रा हरण कसरी गऱ्यो । नेपालका सबै प्रतिक्रियावादी, सेना, पुलिस, भिजलान्तेलगायत विश्व प्रतिक्रियावादी देशका सेना, पुलिसले प्रतिआतङ्कवाद बिरुद्ध तालिम भन्दै नेपालमा अड्डा जमाउँदा पनि युद्ध ज्यमितीय हिसाबले कसरी बढ्यो ? संसारभरबाट प्रतिआतङ्कवाद विरुद्ध भन्दै आर्थिक सहयोग, सैनिक सहयोग र हातहतियार लगायत मुस्ताङ्क अपरेशनजस्ता कार्यक्रमहरू सञ्चालन गर्दा पनि माओवादी क्रान्ति किन नियन्त्रण गर्न सकेनन् ? किन दशौं हजारको बलिदानी हुँदा पनि जनसेना र जनता पछि हटेनन् ? जनयुद्ध सुरु गर्दा दुईटा बन्दुकसम्म जम्मा गर्न गरेको प्रयासलाई बहादुरी ठान्ने तपाईंहरूलाई कालिकोटका निशस्त्र महिलाले सशस्त्र फोर्सको बन्दुक खोसी किन दिए । सामन्ती उत्पीडनमा जकडिएका महिलाहरूले जेलब्रेक गरेर क्रान्तिलाई उचाइमा पुऱ्याए किन कसरी ? तीस, तीस हजार जनसेना निर्माण भए, कसरी जनसरकारहरू बने ? कसरी जातीय विभेद खतम भए ? यी सबै क्रियाकलापहरू तपाईहरूमा भएको ईश्वरीय शक्तिले भएको ठान्नु हुन्छ ? तपाईहरूमध्ये दुई चार जनाको परिवारबाहेक सबैको परिवार सकुशल छ । दशौं हजार परिवारले आफन्त गुमाए । हजारौं परिवारका सदस्य बेपत्ता छन् । यस्तो अवस्था हुँदासम्म पनि जनता क्रान्तिमा अघि बढिरहेकै थिए । सेना पुलिसको क्याम्पमा आक्रमण गरेकै थिए । मध्य दिनमै बुटवलको खैरेनी र कृष्णभिरमा जनसेना लडेको टेलिभिजनले समेत देखाउन बाध्य हुने समय आएको होइन ?

यस्तो क्रान्तिको ज्वारभाटा प्रचण्ड वा बाबुराममा भएको चमत्कारी शक्ति विचार/दर्शनले भएको थिएन । पार्टीमा लामो अन्तर्संघर्षले नेपालको वस्तुस्थितिमा प्रयोग हुन सक्ने मालेमाको सिद्धान्त प्राप्त भएको थियो । पार्टीले राम्रो वर्ग विश्लेषण गर्न सफल भएको थियो । जनतालाई देशमा भएका सामन्तवर्ग, दलाल, पुँजीपति वर्ग, नोकरशाही वर्ग चिनाउन सफल भएको थियो । यस वर्गलाई भारतीय विस्तारवादबाट प्रत्यक्ष सहयोग सहायता भएको कुरा देखाई दिएको थियो । भारतले महेशपुर, सुस्ता कालापानी आदि गरी ६३ स्थानमा सिमा अतिक्रमण गर्दा देशका प्रतिक्रियावादीहरूले विरोध नगरेको कुरा बुझाएको थियो । यिनै प्रतिक्रियावादीले कोशी, गण्डकी महाकाली पश्चिम सेती, अपर कर्णाली आदि सन्धि गरी नेपालको जलस्रोत भारतलाई सुम्पेर कमिशन लिएको बुझाएको थियो । जुन कुरा जनमोर्चाका नाममा सरकारलाई दिएको ४० बुँदे कार्यक्रममा स्पष्ट बताएको थियो । सामन्तवादले सिर्जना गरेको जातीय असमानता, क्षेत्रीय रूपमा रहेको असमानता, लैङ्गीक रूपमा रहेको असमानता देखाइदिएको थियो । पुस्तौं पुस्तादेखि कमैया, हली, गोठाला जीवन बाँच्न वाध्य सुकुम्बासी गरिवहरूलाई उज्ज्वल भविष्यको किरण देखाइदिएको थियो । यी सबै समस्याको समाधान जनयुद्ध बेगर प्राप्त गर्न सकिदैन भन्ने विश्वास जनतामा जगाउन सफल भएको थियो । पार्टीले एक पटक हतियार उठाई सकेपछि यी माथिका सबै विभेद अन्त नभएसम्म सीमित उपलब्धिमा वार्ता सम्झौता गरी जनतालाई धोका दिइने छैन भनि प्रतिबद्धता समेत गरेको थियो । सत्ता प्राप्त भएपछि पनि मुख्य नेतृत्व सरकारमा जाने छैन यसले निरन्तर क्रान्तिलाई अघि बढाइरहने छ र नेपाललाई समाजवाद, साम्यवादमा पुऱ्याउन कोशिस गरिरहने छ भन्ने थियो । त्यसैले जनता आफ्नो मुक्तिका लागि माओवादीमा गोलबद्ध भएका थिए ।

क्रान्तिको मध्य चरणमा आइपुग्दा नयाँ नेतृत्वको पनि विकास भएको थियो । साविक केन्द्रीय समितिमा युवा पुस्ताबाट कृष्णबहादुर महरा, वर्षमान पुन, नेत्रविक्रम चन्द, लोकेन्द्र विष्ट, टोप बहादुर रायमाझी, शक्ति बस्नेत, देबेन्द्र पौडेल, हरिबोल गजुरेल, दिनानाथ शर्मा, हितमान शाक्य, हितराज पाण्डे, नन्दकिशोर पुन, कुलबहादुर के.सी., लेखराज भट्ट, इन्द्रमोहन सिग्देल, हिसिला यमी, धर्मेन्द्र बास्तोला, गोपाल किराँती, राम कार्की, खड्ग बहादुर विश्वकर्मा गरी ३५ जनाको केन्द्रीय समिति पनि बन्यो । तर यी युवाले मार्क्सवादी तरिकाले एकता, सङ्घर्ष, रूपान्तरणका हिसाबले आफुहरूलाई पार्टीमा स्थापित गर्न सकेनन् । पार्टीमा जब प्रचण्डपथको एकल नेतृत्व सुरु भयो, उपल्लो नेतृतवमा गुटबन्दी सुरु भयो । बुर्जुवा डिग्रीधारी बाबुरामले आफूलाई केन्द्रविन्दुमा राखेर हेर्ने गर्दथे । यिनी भारतको सहयोगबिना क्रान्ति सफल हुँदैन भन्ने मान्यता राख्दथे ।

दोस्रो राष्ट्रिय सम्मेलन, किरण गौरबको गिरफ्तारीको घटना, फुन्टीवाङ्ग बैठक, लावाङ्ग बैठक, चुनवाङ्ग बैठक, १२ बुँदे दिल्ली सम्झौता आदि काण्ड घटनाहरूको विवेचना र मूल्याङ्कन इतिहासले गर्नेछ तर आम पार्टी कार्यकर्ता र जनताले देखेको माओवादी र यसका गतिविधि भूमिगत काल र ०६२/०६३ पछिको खुला कालको नै हो ।

०६२/०६३ मा पार्टी खुला हुँदा यही ३५ जनाको नेतृत्व नै थियो तर नेतृत्व तीन गुटमा विभाजन भएको रहेछ । ०६२/०६३ देखि ०६९ सम्मको काल माओवादी पार्टीको सङ्घर्ष र फुटको काल हो । यसै समयमा ०६४ सालमा संविधान सभाको चुनाव भयो । समावेशी, समानुपातिक रूपमा माओवादीका नेता कार्यकर्ताले २४० सिटमध्ये १२० सिट जित्न पनि सफल भए । माओवादीको ...बाँकी ८ पेजमा

## झर्रोटर्रो

कैलुब्राह

# पुँजीवादको करामत

नेपाल मण्डलमा पुँजीवाद आएको छ । पुँजीवादले जतातततै झकास र झिलिमिलि पारेकोले अब समाजवादमा जानुपर्ने भएको छ । त्यसैले संविधानमा नै किटानी गरेर सिधै समाजवादमा जाने भनिएको हो । समाजवादमा जान कोई माइकालालले पनि रोक्न सक्ने छैन । अब कोही कसैले पनि भोक, रोग र नाङ्गो बुङ्गो भएँ भनेर शोक गर्नु पर्ने अवस्था पनि छैन । यदि कसैले विकास भएन भनेर रोइकराई गर्छ, रैती मनुखेहरू भोका नाङ्गा भए भनेर कराउँछ, रोजगारी भएन भनेर नारा लाउँछ र सरकारका विरुद्ध दागा धर्छ भने त्यो मनुखे महाअपराधी हुनेछ । त्यसले सात जुनीसम्म नरकको बास भुगत्नु पर्ने छ । यो मण्डल अब पुरानो छैन । विलकुल नयाँ भएको छ । पैला राजाको सरकार थियो । ऐले प्रजाको सरकार छ । त्यसैले यो व्यवस्थालाई प्रजातन्त्र अर्थात् लोकतन्त्र पनि भन्छन् क्यारे । यतिखेर राजा जङ्गलतिर पसेका छन् । जङ्गलतिरका प्रजा सरकारमा बसेका छन् । राजाले भूमिगत भएर राजनीति गर्दै छन्, भूमिगतवालाहरू हाकाहाकी राजनीति, धननीति, पदनीति र भोगविलासनीति गर्दै छन् । कत्रो परिवर्तन ? उलटका पलट । चारतारे र सूर्यछाप वाला दलहरू ०४७ साल भन्दा अघि जङ्गलतिर थिए । मिस्टर सुप्रिमोको दल गोलघेरेवाला पनि ०६३ साल भन्दा अगाडि जङ्गलतिरै थियो । बाँकी सानातिना गटाङगुटुङवाला दलहरू त यिनै ठूला लाउके दलहरूका उपग्रह दल भए । त्यसैले माउ ग्रह दल जताबाट आए यी पनि त्यतैबाट आएका भैगए । जताजता ग्रहहरू दौडन्छन् त्यतैत्यतै उपग्रहहरू फन्को मार्दै घुम्छन् । यिनको बारेमा धेरै खोतलखातल गर्नु मुनासिव पनि छैन । यहाँ त नेपाल मण्डलका सिण्डिकेटवाला लाउके दल (चारतारे, सूर्यछाप र गोलघेरे दल)का बारेमा मात्रै चर्चा गर्ने जमर्को गरिको छ ।

यी तीन थान सिण्डिकेटवाला लाउके दलहरूले यो मण्डलमा पनि सात समुन्द्र पारिका खैरे कुइरेहरूका मुलुकमा जस्तै पुँजीवाद आएको भनेर ठोकुवा गरेपछि यो कैलुब्राहलाई निकै कुतकुती लागो । पुँजीवाद आएको त राम्रै भयो । मुलुकमै पुँजीवाद आएपछि त यो कैलुब्राहको पनि दिन सप्रिने नै भए भनेर घिरौंले नाक बनाएर लाउके दलहरूसँग पुँजीवादको फेहरिस्त माग्नु परो भन्दै दलका घोषणापत्र हेर्न मन लागो । के भन्छन् त दलहरू भन्दै उनीहरूको धारणा बुझियो । उनीहरूले पुँजीवाद साँच्चै आएको भनेर यसरी दलिल पेश गरे ।

चारतारे दल : 'हाम्रो त दल नै पुँजीवादी हो । जिल्ला तहदेखि केन्द्रसम्मका लाउके नेताहरू सबै पुँजीपति वर्गका हुन्छन् । हरूवा-चरुवा, सुकुम्वासी, गरिब-गुरुवा, माग्ने, पाखुरा बेच्ने, झुत्रेझाम्रे, हली-गोठाला आदि इत्यादिका गुँडबाट आएकाहरूलाई चुनाउमा भोट हाल्ने बाहेक नेता हुने अधिकारै छैन हाम्रो दलमा । सत्ता र सरकारमा हालीमुहाली गर्ने पनि हाम्रो दल नै पहिलोमा पर्छ । त्यसैले पनि मुलुक पुँजीवादी भयो भन्ने पहिलो आधार हो । दोस्रो आधार भनेको अहिले मुलुकमा खेतिपाती गर्ने काम कम हुन थालेको छ । जतातततै दुकानै दुकान मात्रै बढेका छन् । सहरदेखि गाउँसम्मका घरहरू सिमेन्टीका ढलानवाला पक्की बनिरहेका छन् । यो पुँजीवादकै कारण हो । तेस्रो कुरा यो मुलुकका आधाउधी मनुखे विदेशमा गएर पैसा पठाएका छन् । घरघरमा पैसैपैसा छ । गाउँमा पैसा खर्च गर्ने ठाउँ नभएर विदेश गएका तन्नेरीहरूका स्वास्नीहरू सबै सहरमा बसेर खर्च गरिरहेका छन् । यो पनि पुँजीवादकै कारण हो । चौथो कुरा विदेशका ठूलठूला कम्पनीहरूले हाम्रो मुलुकमा उद्योग खोलेर हाम्लाई हाइसञ्चो बनाएका छन् । त्यसैले पनि पुँजीवादको विकास भैसक्यो भन्ने जिकिर हो ।'

सूर्यछाप दल : 'हाम्रो दलले नि यो मुलुक पुँजीवादमा गैस'को भन्ने ठोकुवा गरेको छ । किनभने धमाधम सहरको विकास भैरहेको छ । त्यसैले पाहाडका कुना कन्दरासम्म नगरपालिका घोषित भइसकेका छन् । 'नगर' भनेको गर्न नपर्ने, रेडिमेट भनेको हो । तरुनी तन्नेरीहरूले विदेशमा काम गरेर पैसा पठा'का पठाई छन् । धनीमानी प्रजाहरूले शासन सत्ता चलाउन पा'का छन् । हिजो खेतीप्रधान मुलुक हुँदा रैतीहरूले पेटभर खान नपाएर कत्रो भोकमरी पर्थ्यो । आज खुर्सानी, गोलभैंडा देखि चामल, गहुँसम्म र फलफूलहरू सबै विदेशबाट आउँछ र सबैले किनेर खान पा'का छन् । पुँजीको विकास नभा'को भए किनेर खाने हाम्रो ताकत काँ'बाट आउँथ्यो र ? त्यसैले पनि पुँजीवाद आएको हो भन्ने हाम्रो दलको सोह्रैआना ठोकुवा हो । हाम्रो मुलुकको बजेट पनि पुँजीबाटै बन्ने हो । त्यो पुँजी पनि विदेशी दातामाताहरूले खुरुखुरु दिएकै छन् । हाम्रो मण्डलका लाउके दलका लाउके नेतादेखि सरखारका लाउके तहका कारिन्दाहरू सबैलाई मोटो मोटो कमिसन आउँछ । त्यो पनि पुँजीवादकै करामत हो । हाम्रो दल त झन् एनजिओ र आइएनजिओबाट चलेको छ । त्यो पनि पुँजीवादकै योगदान हो ।'

गोलघेरे दल : 'पुँजीवाद आएको भएर त हामीले जनयुद्ध सनयुद्ध छोडेर धनयुद्ध र पदयुद्धमा लागेको हो । हिजो सामन्तवादमा काठमाण्डुमा मात्रै एउटा सिँहदरबार थ्यो । आज गाउँगाउँमा सिँहदरबार पुगेको छ । जतातततै नगर, उपमहानगर र महानगरहरू दर्जनका दर्जन थपिएका छन् । गाउँ र सहर चिन्नु बिन्नु क्यै छैन । सबै उस्तै भएका छन् । गाउँका मनुखेहरूले पनि खेतिपाती छाडेर ब्यापारमा लागेका छन् । कसैले जग्गाको कारोबारमा लागेका छन् । क्वै डोजरसोजर चलाएर पैसा कमाएकै छन् । कोही यसो मेसो मिलाएर चन्दन् सन्दन्, सुन, किरा फट्याङ्ग्रा आदि इत्यादिको ब्यापारमा लागेका छन् । जनयुद्ध हाँकेका ठूलाठालु नेता जति केन्द्रको सिँहदरबारमा छिरेर मन्त्री, सांसाद खाइसके । सानातिना भुरेटाकुरे मुखिया नेताहरू पनि अहिले गाउँको सिँहदरबारमा छिरेका छन् । गाउँटोलसम्म सिँहदरबार पुगेपछि अब सबै मनुखेले सिँहदरबार खाने, सिँहदरबार लाउने, सिँहदरबार ओढ्ने, बिछ्याउने, सिँहदरबारमै सुत्ने गरे भैगयो । राजा जङ्गलतिर लखेटिए, हामी सत्तातिर उक्लियौँ । पुँजीवाद आएको यो भन्दा ठूलो प्रमाण अरू के हुन्छ ? त्यसैले हाम्रो दलले जनवाद पूरा भयो भनेको छ । हिजो हाम्रा टाउकाको मोल तोक्नेले अहिले हाम्लाई नेता मानेर हाम्रो वरिपरि फन्का मारेका छन् । कहिले चारतारे दलका लाउकेहरूलाई कहिले सूर्यछापका लाउकेहरूलाई हामीले नै पर्धानमन्त्रीको पगरी गुथाइदियौँ । हाम्लाई मार्न बन्दुक र तोपगोला लिएर हिँड्ने सेना पुलिसले हाम्लाई सलोट मार्छन्, हाम्रो सुरक्षमा तैनाथ भएर अहोरात्र खटेका छन् । जनवाद नआ'को भए यो सम्भव थ्यो ? त्यसैले जनवाद आयो भन्नु नै पुँजीवादको विकास भएको सबुत प्रमाण हो । जनवादले धनवाद ल्याउँछ, धनवाद भनेकै पुँजीवाद हो ।'

यसरी सिण्डिकेटवाला दलहरूले नेपाल मण्डलमा पुँजीवादको विकास भयो भनेर निकै जोडबलका साथ तर्क पेश गरेपछि यो कैलुब्राहलाई पनि पत्याउन करै लागो । पुँजीवाद त आएकै रैच । सुद्धि हुन्यालाई चेतना भया । जय पुँजीवाद ।

*२० साउन २०७४*

kailubraha73@gmail.com

# कस्तो हुनु पर्दछ सर्वहारावर्गको क्रान्तिकारी कम्युनिष्ट पार्टी ?

मार्क्सवादले सिकाएको छ कि राजनीतिक पार्टी भनेको वर्ग संघर्षको उपज हो र साथै यसको साधन हो । वर्गीय समाजमा यदि कुनै वर्गले विरोधी वर्गका विरुद्ध आफ्नो शक्तिलाई संगठित र परिचालित गर्न चाहन्छ र त्यो प्रक्रियाबाट सत्ता लिन, त्यो सत्तालाई सुदृढ गर्न, सिङ्गो समाजमाथि आफ्नो हैकमलाई स्थापित गर्न र त्यसको रक्षागर्न चाहन्छ भने त्यसले आफ्नो हितको प्रतिनिधित्व गर्ने र चाहनालाई एकत्रित गर्ने संगठन र नेतृत्वका रूपमा एउटा राजनीतिक पार्टी बनाउनै पर्दछ । जस्तो लेनिनले भन्नु भएको थियो, '... राजनीतिक पार्टीहरूले वर्गहरूको नेतृत्व गर्छन् ... ।' राजनीतिक पार्टी भनेको वर्गको नाभीकेन्द्र हो र वर्ग राजनीतिक पार्टीको आधार हो । प्रत्येक राजनीतिक पार्टीको अनिवार्यतः स्पष्ट परिभाषित भएको वर्ग चरित्र हुन्छ । संसारमा कही पनि वर्ग भन्दा माथि राजनीतिक पार्टी बनेको छैन, न त कहीं निश्चित वर्गको हितको प्रतिनिधित्व नगर्ने 'संपूर्ण जनताको पार्टी'को अस्तित्व नै रहेको छ ।

चिनियाँ कम्युनिष्ट पार्टी सर्वहारा वर्गको राजनीतिक पार्टी हो, यो क्रान्तिकारी सिद्धान्त र मार्क्सवादी-लेनिनवादी कार्यशैलीका आधारमा निर्मित सर्बहारा वर्गको अग्रदस्ता टुकडी हो ।

चिनियाँ कम्युनिष्ट पार्टी सर्बहारावादी पार्टी हो किनभने यो सर्बहारा वर्गका विशेषता तथा गुणहरूको घनिभूत अभिव्यक्ति हो । मानव जातीको ईतिहासमा सर्बहारावर्ग महानतम वर्ग हो, यो विचार, राजनीति तथा सामर्थ्यका हिसाबले सबैभन्दा प्रभावशाली क्रान्तिकारी वर्ग हो, यो सबैभन्दा उन्नत आर्थिक पद्धतिसंग जोडिएको नयां उत्पादक शक्तिहरूको प्रतिनिधी हो । पुरानो समाजमा त्यो नै सर्बहारा वर्ग थियो जुन डरलाग्दो उत्पीडन र निर्मम शोषणबाट पीडित थियो, यससंग केहि पनि हुन्थेन, उत्पादनका साधनबाट बंचित थियो र जीवन निर्बाहका लागि यो संपूर्ण रूपमा आफ्नो श्रम क्षमताको विक्रीमा भर पर्दथ्यो । यसले ग्रहण गरेको आर्थिक तथा राजनीतिक अवस्थाको परिणाम स्वरूप सर्वहारा वर्गमा शोषक वर्ग प्रति अधिक घृणा थियो र व्यक्तिको सट्टा समूह प्रति विस्तृत दुष्टिकोण र अधिक चिन्ता थियो । क्रान्तिमा सर्बहारा सबभन्दा क्रान्तिकारी थियो, यसमा अनुशासन र संगठनको अत्यन्त कडा बोध हुन्थ्यो । चिनियाँ सर्बहारा वस्तुतः तीन प्रकारको उत्पीडनमा परेको थियो, ती साम्राज्यवादको उत्पीडन, पूंजीवादको उत्पीडन र सामन्तवादको उत्पीडन थिए, वास्तवमा, यस्तो निर्मम र भयावह प्रकारको उत्पीडन विश्वका थोरै ठाउंहरूमा मात्र हुने गर्दछ । यसै कारणले, चिनियाँ सर्बहारा वर्ग अरु वर्गहरू भन्दा निकै दृढ र सुसंगत थियो । यसका अतिरिक्त, चिनियाँ सर्बहारा वर्गको ठूलो हिस्सा अभावयुक्त किसान वर्गबाट आएका कारण किसान समुदायसंग यसको सहज सम्बन्ध थियो र यसले सर्वहारा र किसानलाई एकताबद्ध गर्न सजिलो भएको थियो । यी सबै कारणहरूले गर्दा चिनियाँ सर्बहारा वर्ग क्रान्तिकारी संघर्षका क्रममा सबैभन्दा क्रान्तिकारी र साहसी सावित भयो । कुनै खतरा र बलिदानबाट नभागिकन यो क्रान्तिकारी संघर्षको अग्रमोर्चामा रहि रऱ्यो र यसरी चिनियाँ क्रान्तिको अपराजेय नेतृत्वदायी शक्ति बन्न गयो । र चिनियाँ कम्युनिष्ट पार्टीले यही सबै भन्दा दृढ, सबैभन्दा प्रगतिशील र सबैभन्दा क्रान्तिकारी वर्गमा आफ्नो वर्गीय आधार खडा गऱ्यो । यसरी हाम्रो पार्टीले सर्बहारा वर्गका विशेषता र गुणहरूलाई ग्रहण गरेको मात्र होईन हाम्रो पार्टी चिनियाँ सर्बहारा वर्गले ग्रहण गरेका यी विशेषता तथा गुणहरूको संकेन्द्रित अभिव्यक्ति पनि हो ।

चिनियाँ कम्युनिष्ट पार्टी सर्बहारा वर्गको राजनीतिक पार्टी यसकारणले पनि हो कि यो चिनियाँ क्रान्तिकारी आन्दोलनमा मार्क्सवाद-लेनिनवादको प्रयोगको उपज हो । यसको जन्म देखि नै चिनियाँ सर्बहारा वर्गले आफ्ना उत्पीडक र शोषकहरूका विरुद्ध प्रतिरोध संघर्ष कहिल्यै रोकेन । निसन्देह, मई ४ को आन्दोलनभन्दा अगाडी चिनियाँ श्रमजीवि वर्ग स्वतस्फूर्त संघर्ष कै चरणमा थियो, र स्वतन्त्र राजनीतिक शक्तिका रूपमा संगठित भएको थिएन । मार्क्सवाद-लेनिनवाद र अक्टोबर क्रान्तिको प्रभाव स्वरूप १९१९ मा चलाईएको मई ४ आन्दोलन साम्राज्यवाद तथा सामन्तवादका विरुद्ध परिलक्षित रह्यो । यो महान् क्रान्तिकारी आन्दोलनको प्रक्रियामा चिनियाँ सर्वहारा वर्ग एउटा स्वतन्त्र राजनैतिक शक्तिका रूपमा ईतिहासको रंगमञ्चमा देखा पऱ्यो र यसले आफ्नो विशाल तागत र बढदो आकारलाई प्रदर्शित गऱ्यो । यसका साथै मई ४ आन्दोलनले प्रारम्भिक कम्युनिष्ट विचार



भएका थुप्रै वुद्धिजीविहरूलाई झकझक्यायो– यी बुद्धिजीविहरू मार्क्सवाद-लेनिनवादको अध्ययन तथा प्रचारको महत्वका साथै सर्वहारा वर्गले ग्रहणगरेको ऐतिहासिक स्थान बारे जानकार भए र यसरी मजदुर तथा किसानसंग आफुलाई एकीकृत गर्ने बाटोमा लागे । मई ४ आन्दोलनले मार्क्सवाद–लेनिनवादको सार्वभौम सच्चाईलाई चिनियाँ क्रान्तिको मूर्त व्यवहारमा लागुगर्ने कामको सुरुआत गऱ्यो । यसले, पार्टी निर्माणका निमित्त वैचारिक धरातल र कार्यकर्ता निर्माणको आधार तयार गऱ्यो । मार्क्सवाद-लेनिनवादलाई चिनियाँ क्रान्तिकारी आन्दोलनमा लागुगर्ने प्रक्रियाको सुरुआत संगै अध्यक्ष माओको उपस्थितिमा चिनियाँ कम्युनिष्टहरूले उत्साहपूर्वक पार्टी निर्माणको कार्यभार उठाए । जुलाई १, १९२१मा देशभरीका कम्युनिष्ट समूहहरूले चिनियाँ कम्युनिष्ट पार्टीको पहिलो राष्ट्रिय महाधिवेशनमा भागलिन प्रतिनिधीहरूलाई सांघाई पठाए, जहांबाट पार्टीको जन्म भएको कुरालाई औपचारिक रूपमा घोषणा गरियो । यो ऐतिहासिक प्रक्रियाले देखाउंछ कि चिनियाँ कम्युनिष्ट पार्टीको निर्माण आधुनिक चीनमा भएको सर्बहारावादी क्रान्तिकारी आन्दोलनको विकासको अपरिहार्य परिणाम थियो, यो मार्क्सवाद-लेनिनवादको चिनियाँ क्रान्तिकारी आन्दोलनमा प्रयोगको उपज थियो ।

सर्वहारा वर्गका महान गुरुहरू, मार्क्स र एङ्गेल्सले कम्युनिष्ट पार्टीको घोषणा पत्रमा भन्नुभएको छ, 'पहिलेका सबै ऐतिहासिक आन्दोलनहरू अल्पसंख्यकका आन्दोलनहरू थिए, अथवा अल्पसंख्यकको हितमा थिए । सर्बहारा आन्दोलन सचेत र बहुसंख्यकको स्वतन्त्र आन्दोलन हो, बहुसंख्यकको हितमा चलाईने आन्दोलन हो ।' अध्यक्ष माओले पनि भन्नु भएको छ, 'कम्युनिष्ट पार्टी एउटा राजनीतिक पार्टी हो जसले जनता र राष्ट्रको सेवा गर्दछ र जसका कुनै आफ्ना निजी स्वार्थहरू हुदैनन् ।' यी शिक्षाहरूले सर्वहारावर्गको राजनीतिक पार्टीको विशेषतालाई स्पष्ट देखाउंछन्, यीनले पार्टी र सर्बहारा वर्ग तथा अन्य श्रमजीवी जनताका बीचका हितहरूको पहिचानलाई प्रतिविम्वित गर्दछ । सामुहिक भलाईको निमित्त पार्टी निर्माण गर्ने या व्यक्तिगत स्वार्थको निम्ति पार्टी स्थापना गर्ने भन्ने कुराले सर्बहारा वर्गको पार्टीलाई बुर्जुवा वर्गको राजनीतिक पार्टीबाट पृथक गर्दछ । सर्बहारा वर्गले पूंजीपति वर्ग र अन्य सबै शोषक वर्गलाई पूर्णरूपमा मिल्काउन, शोषणका सबै प्रणालीहरूलाई हटाउन र सर्बहारा वर्ग तथा सम्पूर्ण मानवजातीको पूर्ण मुक्तिका निम्ति संघर्ष गर्न आफ्नै राजनीतिक पार्टी स्थापना गर्दछ, यसको अर्थ सर्बहारा वर्गले सामुहिक भलाईको निमित्त, क्रान्तिको निमित्त र जनताको निमित्त पार्टी स्थापना गर्दछ । तर, यसको विपरित सबै पूजीवादी र संशोधनवादी पार्टीहरूले शोषक वर्गका स्वार्थहरूको रक्षा गर्ने र पूँजीपति वर्गले सर्बहारा वर्ग र अन्य सबै श्रमजीवि जनताको निर्मम शोषण गर्ने प्रणालीको रक्षा गर्ने काममा आफ्नो मेहनत लगाउंछन्– यस्ता पार्टीहरू बनाउने आफ्नै लागि हो, मुठ्ठीभर जनताका निजी स्वार्थहरूलाई पच्छ्याउन र शोषक वर्गको सेवामा लाग्नका निम्ति हो । स्थापना भएको दिनदेखि नै हाम्रो पार्टीले सर्बहारा वर्गको आधारभूत हितका निमित्त र यसको उच्चतम आदर्श साम्यवादको प्राप्तिको निमित्त अथक संघर्ष गरेको छ । जनवादी क्रान्तिको युगमा अध्यक्ष माओले सशस्त्र संघर्षद्वारा सत्ता कब्जागर्ने बाटोमा सिङ्गो पार्टी र जनताको नेतृत्व गर्नु भयो, यसरी चिनियाँ जनतालाई दमन गर्ने 'तीन ठूला पहाडहरूलाई' पन्छाउनु भयो, र नयां चीनको स्थापना गर्नु भयो । समाजवादी क्रान्तिको अवधीमा, सर्बहारा वर्गको अधिनायकत्व अन्तर्गत निरन्तर क्रान्ति गर्ने माओको सिद्धान्तलाई अनुसरण गर्दै हाम्रो पार्टीले आर्थिक, राजनीतिक तथा वैचारिक क्षेत्रमा समाजवादी क्रान्तिलाई अगाडि बढाउन फेरि हाम्रो देशका जनता र सर्बहारा वर्गलाई नेतृत्व प्रदान गरेको छ । र मूख्यतः अध्यक्ष माओले सुरु गर्नुभएको र नेतृत्व प्रदान गर्नु भएको महान सर्बहारा सांस्कृतिक क्रान्तिले सर्बहारा वर्गको अधिनायकत्वलाई अभूतपूर्व रूपमा बलियो बनाएको छ र हाम्रो देशमा समाजवादको छलाङ्गमय विकासलाई प्रेरित गरेको छ । अन्तर ाष्ट्रिय मोर्चामा, सर्बहारा अन्तर्राष्ट्रियतावादलाई दृढतापूर्वक समर्थन गर्दै हाम्रो पार्टी संसारका सच्चा मार्क्सवादी–लेनिनवादी पार्टी तथा संगठनहरूसंग एकताबद्ध रहि आएको छ र यसले सोभियत संशोधनवादीहरूको गद्दार गुटले प्रतिनिधित्व गरेको आधुनिक संशोधनवादको दृढतापूर्वक विरोध गर्दछ । आफ्नो जीवनको पूरा ५० वर्षको हाम्रो पार्टीको ईतिहास भनेको सर्बहारा वर्ग तथा श्रमजीवि जनताको आधार भूत हितको निम्ति र संपूर्ण मानवजातीको मुक्तिका निम्ति चलाईएको संघर्षको ईतिहास हो । यी सबै तथ्यहरूले स्पष्ट देखाउंछन् कि हाम्रो पार्टी सर्बहारा वर्गको एउटा राजनीतिक पार्टी हो ।

अध्यक्ष माओले स्पष्टसंग व्याख्या गर्नुभएको छ, 'पार्टी संगठन सर्बहारा वर्गको सबैभन्दा अग्रगामी तत्वहरूबाट निर्माण भएको हुनुपर्दछ, यो बर्ग दुश्मनका विरुद्धको लडाईमा सर्बहारा वर्ग र क्रान्तिकारी जनसमुदायलाई नेतृत्वगर्न सक्षम जुझारु अगुवा संगठन हुनु पर्दछ ।'

हाम्रो पार्टी सर्बहारा वर्गको अग्रदस्ता हो किनभने यो सर्बहारा वर्गका उन्नत तत्वहरूबाट बनेको छ । सर्बहारा वर्गका सबै सदस्यहरू यसमा सामेल हुन सक्दैनन्, न त सबै क्रान्तिकारीहरू नै– यो त सर्बहारा वर्ग भित्रको सबै भन्दा दृढ तथा उन्नत अग्रदस्ता हो र सर्बहारा वर्गको ऐतिहासिक कार्यभार पुरा गर्न असिमित त्याग गर्न सक्नेहरू मात्र यसमा सामेल हुन सक्दछन् । निसन्देह, हाम्रो पार्टीमा सर्बहारा वर्गबाट आएका सदस्यहरूमात्र छैनन्, अन्य वर्गबाट आएका सदस्यहरू पनि छन् । तर, सर्बहारा वर्गबाट नआएका क्रान्तिकारीहरू अन्य वर्गको प्रतिनिधीका रूपमा पार्टीमा आएका होईनन् । सचेत ढङ्गले आफ्नो विश्व दृष्टिकोण बदले पछि, सर्बहारावादी विचारधाराबाट प्रेरित भए पछि, मार्क्सवाद-लेनिनवाद-माओत्सेतुङ्ग विचारधाराको अध्ययनबाट आफ्नो पुरानो वर्गस्थान त्यागे पछि र तीन महान क्रान्तिकारी आन्दोलनमा सहभागी भएपछि मात्र तीनलाई सदस्यता दिईन्छ । यस बाहेक, तिनीहरूले सर्बहारा वर्गका उन्नत तत्वहरूको लागि आवश्यक पर्ने सर्तहरू पनि पुरा गर्नु पर्दछ । यसरी, यी कमरेडहरूको प्रबेशले पार्टीको सर्बहारा वर्गीय चरित्रलाई नबदलिकन आफ्नो पंक्तिको विस्तार गर्दछ र लडने क्षमतालाई मजबुत गर्दछ ।

हाम्रो पार्टी सर्बहारा वर्गको अग्रदस्ता यसकारणले पनि हो कि यसको सोचाईलाई निर्देशन गर्ने सैद्धँन्तिक आधार मार्क्सवाद-लेनिनवाद-माओत्सेतुङ्ग विचारधारा हो । जस्तो अध्यक्ष माओले भन्नु भएको छ, 'सुरुबाटै हाम्रो पार्टी मार्क्सवाद-लेनिनवादको सिद्धान्तमा आधारित रहेको छ ...।' लामो क्रान्तिकारी संघर्षको अवधीभरी अध्यक्ष माओले चिनियाँ क्रान्तिको ठोस व्यवहारलाई सेवागर्न मार्क्सवादलाई सही तरिकाले प्रयोगमा ल्याउनु भयो । वहांले यसरी मार्क्सवाद-लेनिनवादलाई ग्रहण गर्नुभयो, रक्षा गर्नुभयो र त्यसको विकास गर्नु भयो । क्रान्तिको विकासका हरेक ऐतिहासिक चरणहरूमा अध्यक्ष माओले हाम्रो पार्टीको सही राजनीतिक कार्यदिशा तथा नीतिहरू स्थापित गर्नुभएको छ । प्रत्येक पटक वहांले भित्री तथा बाहिरी दुबै दुश्मनका अवसरवादी कार्यदिशा माथि विजय हासिल गर्नुभएको छ र यसरी क्रान्तिकारी उद्देश्यलाई एउटा विजयदेखि अर्को विजयसम्म पुऱ्याउन नेतृत्व गर्नु भएको छ । हाम्रो पार्टी मार्क्सवाद-लेनिनवाद-माओत्सेतुङ्ग विचारधारामा आधारित भएकोले र सधै अध्यक्ष माओको क्रान्तिकारी कार्यदिशा अवलंवन गरेको हुनाले यसले आफ्नो सर्बहारा वर्गको अगुवा चरित्रलाई थेग्न र यो संपूर्ण चिनियाँ जनताको नेतृत्वदायी केन्द्र बन्न सकेको छ ।

मार्क्सवाद-लेनिनवादको शिक्षा अनुसार पार्टी सांच्चिकै सर्बहारा वर्गको राजनीतिक पार्टी हो कि होईन र सर्बहारा वर्गको अग्रदस्ता हो कि होईन भन्ने कुरा निर्धारण गर्न सदस्यहरूको सामाजिक स्रोतलाइ मात्र हेरेर पुग्दैन बरु यसको निर्देशक विचार, कार्यक्रम र यसको कार्यदिशा हेर्नु पर्दछ । जस्तो लेनिनले इङ्गित गर्नु भएको छ, '...... सांच्चिकै मजदुर वर्गको राजनीतिक पार्टी हो कि होईन भन्ने कुरा पूर्णतः मजदुर वर्गको सदस्यतामा भर पर्दैन बरु त्यसलाई नेतृत्वगर्ने मानिसमा, कार्वाहीको अन्तरवस्तुमा र राजनीतिक कार्यनीतिमा भर पर्छ । यो पछिल्लोले मात्रै हाम्रा सामु सर्बहारा वर्गको राजीतिक पार्टी छ कि छैन भन्ने कुराको निर्धारण गर्दछ ।' (१८) सच्चा सर्बहारावादी राजनीतिक पार्टीको सोचाई मार्क्सवाद-लेनिनवादद्धारा निर्देशित हुनु पर्दछ, यसरी मात्रै पार्टीले समाजको विकासका नियमहरूलाई आत्मसात गर्न सक्दछ, आफ्ना लागि मार्क्सवादी-लेनिनवादी कार्यदिशा निर्धारण गर्न सक्दछ र वर्ग दुश्मन विरुद्धका संघर्षमा सर्बहारा वर्ग र क्रान्तिकारी जनसमुदायलाई निर्देशित गर्ने र तीनलाई विजयसम्म नेतृत्व गर्ने अग्रदस्ता बन्न सक्दछ । यदि यो मार्क्सवाद-लेनिनवादबाट विचलित हुन्छ भने, अर्थात, यदि सर्बहारा वर्ग प्रति विश्वासघात गर्छ भने त्यसले जुनसुकै वर्गको हितको प्रतिनिधित्व गरेको दाबी गरे पनि, जे सुकै नाम दिए पनि, यसको बनोट जस्तोसुकै भए पनि कुनै पनि हालतमा त्यो सर्बहारावादी राजनीतिक पार्टी र कम्तिमा सर्बहारा वर्गको अग्रदस्ता हुन सक्दैन । यसको विपरित, त्यो बुर्जुवा वर्गको राजनीतिक पार्टी, संशोधनवादी पार्टी हुन जान्छ । सोभियत संशोधनवादी गद्दारहरूको गुटले मार्क्सवाद-लेनिनवाद प्रति पूर्णत विश्वासघात गरेको छ, यसले अझै पनि 'कम्युनिष्ट पार्टी'को साईनबोर्ड झुण्ड्याए पनि तिनीहरूको पार्टी वास्तवमा नयां नोकरशाही एकाधिकार पूजीपतिको हितको रक्षा गर्ने एउटा संशोधनवादी फासिवादी पार्टी बनेको छ ।

हाम्रो पार्टी सर्बहारा वर्गको अग्रदस्ता हो, किनभने यसको कडा संगठन र कडा अनुशासन छ । यो उन्नत टुकडी हो, र साथै सर्बहारा वर्गको संगठित टुकडी हो । यसमा संगठनको उच्च भाव र फलामे अनुशासन रहन्छ – प्रत्येक सदस्यहरू कुनै एउटा संगठन संग जोडिएको हुनुपर्दछ र त्यहां निष्ठापूर्वक काम गर्नु पर्दछ,, एउटा संगठित र अनुशासित सामुहिकताका निम्ति तिनीहरूले पार्टी निर्णयलाई कार्यान्वयन गर्नु पर्दछ । यही कडा संगठन र अनुशासन भएकै कारण हाम्रो पार्टीले सही कार्यदिशा कार्यान्वयनलाई सुनिश्चित गर्न, शक्तिशाली दुश्मनमाथि विजय हासिलगर्न र क्रान्तिलाई गौरवशाली विजयसम्म नेतृत्वगर्न सकेको हो ।

'चिनियाँ कम्युनिष्ट पार्टी सर्बहारावर्गको राजनीतिक पार्टी, सर्बहारावर्गका अग्रदस्ता हो ।' पार्टी विधानको यो खण्डले हाम्रो पार्टीको चरित्रलाई ठीक तरिकाले अभिव्यक्त गर्दछ, यो सर्बहारा वर्गसंग जोडिएको हुन्छ र यसैले पार्टी र वर्गलाई अलग गर्दछ । जुन कुराले हाम्रो पार्टीलाई सर्बहारा वर्गसंग जोडछ, त्यसैले यसको वर्ग चरित्रलाई स्थापित गर्दछः सर्बहारावर्गले पार्टीको वर्ग आधारलाई निर्माण गर्दछ, सर्बहारा वर्गबाट हाम्रो पार्टीलाई अलग गर्ने कुराले नै यसको उन्नत चरित्रलाई स्थापित गर्दछः यो सर्बहारा वर्गको अग्रदस्ता हो । जवसम्म वर्गहरू र राजनीतिक पार्टीहरू रहन्छन् त्यति बेलासम्म सर्बहारा वर्गको अग्रदस्ता र अन्य संगठनहरू, पार्टी सदस्यहरू तथा अलग पार्टी सदस्य नभएकाहरूका बीचको अन्तर हराउंदैन । यो भिन्नतालाई अश्वीकार गर्नु भनेको पार्टी संगठनको उन्नत चरित्रलाई न्युनिकरण गर्नु हो र पार्टी सदस्यहरूको उदाहरणीय अगुवा भूमिकालाई न्युनिकरण गर्नु हो । तर, विषय यी अन्तरहरूलाई अलगावमा हेर्ने होईन । यदि पार्टीले आफुलाई पार्टीबाट र अन्य क्रान्तिकारी जनसंगठनहरूबाट अलग गर्छ भने, यदि यसका सदस्यहरूले आफुलाई गैरपार्टी जनसमुदायबाट अलग गर्दछन् भने यसले पनि सर्बहारा वर्गको अग्रदस्ताका रूपमा पार्टीको चरित्र ध्वस्त गर्न सक्दछ र यसबाट आफ्ना सदस्यहरूले सर्बहारा वर्गको उन्नत तत्वको भूमिका गुमाउन सक्छन् । यो स्थितिमा पार्टी सर्बहारा वर्गको राजनीतिक पार्टी रहँदैन ।

माओले हामीलाई सिकाउनु भएको छ, 'पार्टी भनेको सर्बहारा वर्गको अग्रदस्ता हो र सर्बहारावादी संगठनको उच्चतम रूप हो । यसले अरु सबै संगठनहरूलाई नेतृत्व गर्नु पर्दछ, जस्तो सेना, सरकार र जन संगठनहरू ।' (१९) पार्टीले सर्बहारा वर्गका अन्य सबै संगठनहरूलाई नेतृत्व गर्नु पर्दछ, यसो नगरे सर्बहारा वर्गको संघर्ष विजयी बन्न सक्दैन ।

सफल संघर्ष संचालनका निमित्त सर्बहारा वर्गले आफ्नो क्रान्तिकारी राजनीतिक पार्टी स्थापना गरेर मात्र पुग्दैन त्यसका लागि आवश्यक सबै संगठनहरू जस्तोः राज्यका निकायहरू, सैन्य मामिला विभाग, ट्रेड युनियनहरू, गरीब किसानका संगठनहरू, महिला संघहरू, युवा लिग, लाल रक्षकहरू, साना लाल रक्षकहरू र क्रान्तिकारी जनसमुदायका अन्य संगठनहरू आवश्यक हुन्छन् । यस्ता विभिन्न संगठन तथा विभागहरू समाजवादी क्रान्ति सम्पन्न गर्न, समाजवादको निर्माण गर्न र सर्बहारा वर्गको ऐंतिहासिक कार्यभार साम्यवादको प्रप्तिका निमित्त निकै महत्वपूर्ण हुन्छन्, तीनलाइ उपेक्षा गर्नु हुदैन । यी विभाग र संगठनहरूले सर्बहारा वर्ग र आम क्रान्तिकारी जनसमूदायलाई परिचालन गर्न, सबै मोर्चाहरूलाई बलियो बनाउन र सर्बहारा वर्गको स्थानलाई सुदृढगर्न संभव तुल्याउंछन् । त्यसकारण, समाजवादी उद्देश्यको सेवा गर्नका निम्ति सबै क्रान्तिकारी संगठनहरूलाई आफ्नो पूरा भूमिकामा उतार्न आवश्यक हुन्छ । तर, पार्टीको नेतृत्व र मार्क्सवादी-लेनिनवादी कार्यदिशाको निर्देशन विना तिनीहरूले यी भूमिका पुरा गर्न सक्दैनन् ।

पार्टीको नेतृत्व बलियो बनाउने कुराले सर्बहारा वर्गको अधिनायकत्वलाई सुदृढ गर्ने र समाजवादको उद्देश्यलाई विजयसम्म पुऱ्याउन नेतृत्वगर्ने ग्यारेन्टी गर्दछ । सर्बहारा वर्गका क्रान्तिकारी संगठनहरू पार्टीको केन्द्रीकृत नेतृत्व अन्तरगत आउनु पर्दछ, तिनीहरूले पार्टीभन्दा अलग्ग स्वतन्त्र ढङ्गले कामगर्ने बहानामा आफ्नो विशिष्ट स्थितिलाई प्रयोग गर्न पाउंदैनन् । यदि पार्टीले तिनीहरूलाई नेतृत्व प्रदान गरेन भने, अथवा, यदि जनसंगठनहरू पार्टीको अधिनमा बसेनन् भने तिनीहरूमा गलत दिशातिर जाने, पूंजीपतिबाट ठगिने, नियन्त्रित हुने र प्रयोग हुने खतरा बढेर जान्छ । पूंजीवादी र संशोधनवादी धारको दुषित प्रभावमा तीनिहरू पूजीपति वर्गको राजनीतिक पिछलग्गु र अझ सर्बहारा वर्गका विरुद्ध पूंजीपतिका हतियारमा समेत रूपान्तरित हुन सक्छन् । यी नै कारणहरूले गर्दा पार्टीको नेतृत्व अस्वीकार गर्नेहरूले वास्तवमा आफुलाई पूंजीपतिको पक्षमा राख्छन्, सर्बहारा वर्गको विरोध गर्दै वस्तुतः तिनीहरूले सर्बहारा वर्गको अधिनायकत्वको विरोध गरिराखेका र त्यसलाई कमजोर बनाईराखेका हुन्छन् ।

पार्टी सर्बहारा वर्गको संगठनको उच्चतम रूप हो र यसले सबै कुरामा नेतृत्व गर्नु पर्दछ, (२०) यो पार्टी निर्माण बारे मार्क्सवादको मूलभूत सिद्धान्त हो । पार्टी र अन्य जन संगठनहरूको सम्बन्ध भनेको नेता र नेतृत्व गरिएकाहरूका बीचको सम्बन्ध हो । सर्बहारा वर्गको राजनीतिक पार्टीको स्वरूप र कार्यभारले नै यसको नेतृत्वदायी स्थान र भूमिकाको निर्धारण गर्दछ, सर्बहारा वर्गको आधारभूत हितका लागि यो काम पुराहुनु पर्दछ - यो नै क्रान्तिकारी संघर्षले बारंबार प्रदर्शन गरेको मार्क्सवादी-लेनिनवादी सत्य हो ।

**पार्टीको सर्बहारा वर्गीय चरित्र रक्षाका निमित्त संघर्ष**

पार्टीको चरित्रका संबन्धमा पार्टीमा चल्ने दुई-लाईन संघर्ष सधैं निकै तीखो हुने गरेको छ । अवसरवादी कार्यदिशा अंगालेका सबै नेताहरूले सर्बहारा क्रान्तिलाई ध्वंश गर्ने आफ्नो आपराधिक उद्देश्यलाई पुरा गर्नका निम्ति सर्बहारा वर्गको राजनीतिक पार्टीको चरित्रलाई दुषित गर्न संधै कोशिस गर्दै आएका छन् । अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको ईतिहासमा पुराना संशोधनवादीहरू, बर्नस्टिन र काट्स्किले (२१) हर प्रकारका गलत प्रचारबाजी गरे र सर्बहारा वर्गको पार्टीलाई सुधारवादी पार्टीमा बदल्न हर संभव प्रयास गरे । तिनीहरूकै कारण दोस्रो अन्तर्राष्ट्रियको पतन भयो । आधुनिक संशोधनवादीहरू, ख्रुश्चोभ, ब्रेजनेभ र कम्पनीले 'श्रमजीवि वर्गको पार्टी सोभियत जनताको अग्रदस्तामा रूपान्तरित भैसकेको छ, यो संपूर्ण जनताको पार्टी भएको छ' र 'यो संपूर्ण जनताको राजनीतिक संगठन हो' भन्ने दावी गर्दै विगतका *...बाँकी ८ पेजमा*

# शैक्षिक माफियाविरुद्ध अखिल क्रान्तिकारी



राम नेपाली

प्रतिक्रियावादी राज्यसत्ता र संसदीय व्यवस्थाको एक जना प्रतिनिधि कथित माननीय सांसद धनराज गुरुङ्गले केही समय अघि संसदमा एउटा अभिव्यक्ति दर्ज गराए । उनले भने- “यो देश (नेपाल) माफियाहरूले चलाएका छन् ।” हामी क्रान्तिकारीहरूले सधै भन्दै आएका छौं कि नेपाल साम्राज्यवाद र विस्तारवादद्धारा पालित पोसित घरेलु समान्त, दलाल, नोकरशाही पुँजीपति र माफियाहरूले सञ्चालन गर्दै आएको छ । र यो नेपाली प्रतिक्रियावादी संसदीय व्यवस्था कै चरित्र हो । जुन कुरा उनीहरू आफैले आफ्नो वैधानिक मञ्च संसदबाटै घोषणा गरे । हामीले भन्दै आयौं कि नेपालमा भू-माफिया, जलमाफिया, शैक्षिक माफिया, तस्कर, भ्रष्टाचारी, घुसखोरी, लुटतन्त्र र राष्ट्रिघातीहरूलाई प्रतिक्रियावादी संसदीय पार्टी र संसदीय व्यवस्थाले नै संरक्षण र पालनपोषण गर्दै आएको छ । यो कुरा नेपालका दलाल प्रतिक्रियावादी नेताहरूलाई बोध नभएको त होइन तर उनीहरू सार्वजनिक रूपमा खलेर बोलेका त थिइनन् । ढिलो चाडो उनीहरू आफैले यसको विरोधमा बोल्न थालेका छन् । जुन स्वागत योग्य छ ।

यस सन्दर्भमा यहाँ जोड्न खोजेको कुरा वर्तमान नेपालको शिक्षा क्षेत्रको हो । अन्य क्षेत्रको मौलाएको भ्रष्टाचार, लुटतन्त्र, चर्को मुल्य सहितको व्यापारिकरण, विदेशीकरण र माफियाकरण पुरानो क्रोनिक रोग हो भने शिक्षा र स्वास्थ्य क्षेत्रमा यसले संक्रमण गर्न थालेको छ । र यहाँ शिक्षा क्षेत्रको यो क्रोनिक संक्रमणको बारेमा चर्चा गर्न खोजिएको हो ।

शिक्षा र स्वास्थ्य अकुत नाफा कमाउन व्यापार गरिने क्षेत्र होइन । यो सेवामूलक क्षेत्र हो र यो राज्य नियन्त्रीत हुनुपर्छ । तर नेपालको शिक्षा क्षेत्रमा अनियन्त्रित र अवैध ढंगबाट निजीकरण, व्यापारिकरण, माफियाकरण र विदेशीकरण व्याप्त छ । अहिले नेपालमा सबभन्दा छिटो र सजिलरी अकुत मुनाफा कमाउने व्यापार शिक्षा क्षेत्र भएको छ । नेपाल सरकार र सम्बन्धित निकाय शिक्षामा भएको यो व्यापारिकरण र माफियाकरण रोक्नुको सट्टा आर्थिक प्रलोभनमा परी भित्रभित्रै उनीहरूलाई वैधानिकता दिन र संरक्षण गर्न उद्यत छन् ।

दश वर्षे जनयुद्ध र दोस्रो जनआन्दोलन पश्चातको राजनीतिक परिवर्तले यी माथि उल्लेखित शैक्षिक समस्याहरूको समाधान हुन्छ भन्ने हामीले ठानेका थियौं । तर जनयुद्धको नेतृत्व गर्ने नेताहरूको एउटा समूह र उ निकाटको केही क्रान्तिकारी विद्यार्थीहरू नवसंशोधनवाद र प्रतिक्रियावादमा पतन भएपछि नेपाली क्रान्तिले धोका खायो र जनताको चहना अनुरूपको परिवर्तन हुन सकेन । फलस्वरूप क्रान्तिकारी विद्यार्थी आन्दोलन पनि कमजोर हुन पुग्यो र शैक्षिक क्षेत्रको आमूल परिवर्तन अपुरो रहिरह्यो ।

हाम्रो संगठन अनेरास्ववियू (क्रान्तिकारी) ले नेपालको शिक्षा क्षेत्रमा भएको निजीकरण, व्यापारिकरण, माफियाकरण र विदेशीकरणको सैद्धान्तिक, नीतिगत र व्यवहारिक एवं क्रियात्मक तहबाट विरोध र प्रतिरोध गर्दै आएका छ र यो जारी छ । अहिले हामी यसको विरोध र प्रतिरोध नया ढंगबाट उठान गर्नु पर्ने चुनौति र बाध्यात्मक अवस्थामा आइपुगेका छौं । अनेरास्ववियू (क्रान्तिकारी) ले हालसालै केही शैक्षिक संस्थाहरूमा तोडफोड र आगजनी गरेको कुरा सार्वजनिक भयो र त्यसको जिम्मेवारी पनि संगठनले लियो । यो क्रियात्मक संघर्ष हामीले क्षणिक आवेशमा नायकत्व देखाउन, आर्थिक संकलन गर्न र प्रतिसोध साध्न गरिरहेका छैनौं । बरु ती विकृति र विसंगतिको अन्त्य गर्दै जनताका छोराछोरीलाई निःशुल्क, सर्वसुलभ र सहज तवरले शिक्षा हासिल गर्न पाउने नैसर्गिक अधिकार प्रदान गर्नको खातिर गरिरहेका छौं । साथै देशलाई माफियाकरणबाट बचाउन बाध्यात्मक र निर्विकल्प उपाय स्वरूप सचेततापूर्वक तवरमा गरेका हौं । यो क्रमलाई हामी अझ सशक्त र देश व्यापी बनाउने योजनामा छौं ।

आन्दोलन, संघर्ष र युद्ध कसैको पनि रहर हुदैन । जब समस्या, विकृति, विसंगती र अन्यायले सिमा नाघ्छ अनि युद्ध अनिवार्य र अन्तिम उपाय हुन्छ । हामीले नेपालको विभिन्न तह र संकायका शैक्षिक क्षेत्रमा रहेका तमाम समस्याहरूको शान्तिपूर्ण समाधान र निकाश खोज्यौं । हाम्रो संगठनले समुदायिक/सरकारी विद्यालय र विश्वविद्यालयको विकास, स्तरोन्नती र संरक्षणको निम्ति लामो समयदेखि आवाजहरू एठायौं । नीजि विद्यालय र नीजि उच्च मा.वि.हरूलाई विद्यार्थी र अविभावकको ढाड सक्ने गरी शुल्क वृद्धि नगर्न, विद्यार्थी संगठनहरूसँग विगतमा भएका सहमतिहरूको कार्यान्वयन गर्न, जेहेन्दार र विपन्न वर्गलाई प्रदान गर्नु पर्ने छात्रवृत्ति इमान्दारपूर्वक लागु गर्न, विदेशी नाम हटाउन, विद्यार्थीलाई विज्ञापनको साधन नबनाउन, नाजायज शिर्षकहरूमा शुल्क नलिन, विद्यालयबाटै पोशाक र पाठ्य सामग्रीको व्यापार नगर्न लगायतका मुद्धाहरूलाई सुल्झाउन विज्ञप्ती, मागपत्र, ध्यानाकर्षणपत्र, अन्तर्क्रिया, शान्तिपूर्ण धर्ना र दबाब दियौं । यी समस्या समाधानका लागि सरकारीको शिक्षा मन्त्रालय, जिल्ला शिक्षा कार्यालय र सम्बन्धित निकायलाई अनुरोध गर्‍यौं ।

विभिन्न विश्वविद्यालय र सिटिइभिटि सम्बद्ध आंगिक र सम्बन्धन प्राप्त उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरूभित्रका विकृति र विसंगतिका बारेमा पनि हाम्रो संगठनले आवाज उठाउदै आएको छ । त्रिविविका आंगिक क्याम्पसहरूको खण्डीकरण, स्वयत्तता र विना पूर्वतयारी लागु गरिएको सेमेस्टर प्रणालीको विरुद्ध हामीले शान्तिपूर्ण आन्दोलनहरू गर्‍यौं । प्राविधिक कलेजहरूको भौतिक पूर्वाधार (भवन, ल्याब, पुस्तकालय, प्रयोगात्मक अभ्यास गर्ने फिल्ड आदि), चर्को शूल्क, छात्रवृत्तिमा घोटला, प्रबेश परीक्षा र भर्नामा हुने अनियमितता, सम्बन्धन लिनको लागि हुने आर्थिक चलखेल, पदाधिकारी र कर्मचारी नियुक्तिमा हुने दलगत भागबण्डा, परीक्षा प्रश्नपत्र आउट हुने विकृति लगायतका विषयमा वैधानिक रूपको विरोध गर्‍यौं । तालाबन्दीको संघर्षहरूसम्म गर्‍यौं ।

सामूहिक र शान्तिपूर्ण निकाषको निम्ति हामीले संसदवादी दल निकट विद्यार्थी संगठनहरूसँग संयुक्त आन्दोलनको प्रयासहरू पनि गर्‍यौं । संसदवादी दल निकट संगठनहरूको सस्तो लोकप्रियताको लागि प्रचारात्मक रूपमा मुद्धा उठाए झै गर्ने र त्यसलाई आर्थिक लाभमा लगेर टुंग्याउने वा आफ्ना माउ पार्टीका मालिक माफियाहरूको अगाडी आज्ञाकारी भएर आन्दोलन तुहाउने षडयन्त्रको माध्यम बन्ने प्रवुत्तिले हामी क्रान्तिकारीहरूले सधै धोका खानु पर्‍यौं । नेविसंघ, एमाले अखिल र माके अखिल कै विकृत रूप र स्वरूपका कारण हामी क्रान्तिकारीहरूलाई पनि शैक्षिक माफियाहरूले पैसामा किन्ने र मुल मुद्धाको आन्दोलन तुहाई आफ्नो साम्राज्य अफ फैलाउने दुश्प्रयासहरू गर्न थाले ।

हामीले उठाएका आम विद्यार्थीका न्यायपूर्ण र जायज मुद्धाहरू रद्दीको टोकरीहरूमा मिल्काइए । हामीले गरेको तालाबन्दी, टाँस गरेका विज्ञप्ती तथा शान्तिपूर्ण आन्दोलनहरूलाई प्रहरी प्रशासन र गुण्डाहरू लगाएर तोडिए, च्यातिए र दमन गरिए । यस्तो दुस्साहसी हर्कतहरूले हामीलाई उत्तेजित बनाईरहेका छ । यति बेला हामी क्रान्तिकारीहरू संख्यातमक् रूपले थोरै छौं । यसलाई प्रतिक्रिवादी सत्ता र तीनका मालिक माफियाहरूले कमजोर आक्ने, होच्याउने र हेप्ने दुस्साहसी हर्कतहरू प्रदर्शन गर्न थालेका छन् । हामी थोरै हौला तर हामी कमजोर छैनौं ।

हाम्रो संगठन अनेरास्ववियू जनयुद्धको रक्तरञ्जित ऐतिहासका श्रृङ्खलाहरू पार गर्दै आएको संगठन हो । हामी हाम्रो सिद्धान्त, सहिदको सपना र आम विद्यार्थीहरूको हकहितको निम्ति कहिल्यै पछि हट्ने छैनौं । बरु नयाँ सिराबाट हामी क्रान्तिकारी आन्दोलनलाई उठान गर्दै शैक्षिक आन्दोलनको नयाँ अध्याय र एतिहास निर्माण गर्ने दिशामा छौं । हामी नेविसंघ, एमाले अखिल र माके अखिल कदापि बन्ने छैनौं । हामीलाई पनि शैक्षिक माफियाहरू र दलालहरूले त्यही कोटीको सोच्छन् भने त्यो भ्रम मात्र हो । हामी त नवसंशोधनवाद, अवसरवाद र दक्षिणपन्थी सबै हावाहुण्डरी सबै पार गरेर यहा आइपुगेका छौं । हामीले त अर्को नयाँ विद्रोह गर्ने संकल्प गरिसकेका छौं । हामीले अहिले केही शैक्षिक संस्थाहरूमा भौतिक कारवाही सुरु गरेर नयाँ शैक्षिक विदूोहको संकेत र सुरुवात गरेका छौं । शैक्षिक माफिया र दलाल सरकारलाई यो सांकेतिक चेतावनी मात्र हो । यो आगजनी र तोडफोडबाट उनीहरूले हाम्रो जायज मुद्धाहरू शान्तिपूर्ण तवरले समाधान गर्ने प्रयास गरेनन् भने हामी उनीहरूको विरुद्ध आगो ओकल्न र विद्रोहको राँको बाल्न बाध्य हुनेछौं । चेतना भया ।

# क्रान्तिकारी मजदुर आन्दोलनको कार्यभार



ईश्वर तिमिल्सिना

७० को दसक सुरु हुनुभन्दा अघि नेपाली श्रम बजारमा मजदुरहरूको प्रभावकारी हस्तक्षेप र आन्दोलनमा जुन गति थियो त्यसपछिका यी वर्षहरू मजदुर आन्दोलन सिथिल, गतिहिन र निष्प्रभावि बन्दै गइरहेको देखिन्छ । खासगरी माओवादीद्वारा नेतृत्व गरिएको महान जनयुद्ब र सामन्तवादी राज्य सत्ताका विरुद्ध संसदवादी राजनैतिक शक्ति समेतको सहभागितामा उठेको जनआन्दोलनले मजदुर आन्दोलनमा समेत नयाँ जागरण पैदा गरेको थियो । मुख्यतः माओवादीद्वारा नेतृत्व गरिएको महान जनयुद्धको आँधीमय वर्षहरूले सिर्जना गरेको जागरण स्वरूप मजदुरहरूमा समेत जागृती पैदा गरेको थियो । त्यहि जनयुद्ध र जनआन्दोलनको बलमा सामन्तवादी राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापनाले मजदुरहरूमा समेत उद्देलन पैदा गरेको थियो । फलस्वरूप पूजिपतिवर्गको जातोमुनि पिल्सिएर रहेका मजदुरहरूको ठूलो हिस्सामा मजदुरहरूका हक अधिकार प्राप्तिका अन्तर निहित चाहनाहरूलाई प्रस्फुटन हुने परिवेस पैदा भएको थियो । फलतः देशका ठुला शहरहरू, औधोगित क्षेत्र तथा कलकारखानाहरूमा मजदुरहरूका जवरजस्त आन्दोलनहरू विकास भएका थिए । मजदुर आन्दोलनको प्रभावले देसी तथा विदेशी प्रतिकृयावादी पुजिवादी शक्तिहरूमा समेत आतंकको तरंग सिर्जना हुन पुगेको थियो । एकातिर मजदुरहरूमा नयाँ राजनैतिक व्यवस्थाको स्थापनाको चाहनाले उद्देलित गरिरहेको थियो भने अर्कोतिर प्रतिकृयावादी पुँजीवादी तत्वहरू मओवादी शक्ति र त्यसको गुरुत्वले आकर्षित मजदुरहरूको जागरण र सक्रियताबाट भयग्रस्त हुन पुगेका थिए ।

७० को दसक सुरु नहुदै माओवादी आन्दोलनका मूल नेतृत्वमा पैदा हुदै गएको दक्षिणपन्थी, यथा स्थितिवादी धारले पार्टी कब्जा गरेर संसदीय दलाल तथा नोकरशाही पुजिवादी राजनैतिक व्यवस्थालाई आफ्नो राजनैतिक गन्तव्य बनाएर क्रान्ति र परिवर्तनको लक्ष्यबाट विमुख हुन पुगीसकेको थियो । फलतः जनवादी क्रान्तिको झण्डालाई निरन्तर खडा गर्ने क्रान्तिकारी माओवादीहरूको एउटा हिस्साले विद्रोह गरेर अगाडी बढ्ने संकल्पलाई अगाडी बढायो । परिणामतः मजदुर आन्दोलनमा समेत त्यसको असर पर्न गई फुट पैदा भयो । चाहनाका दृष्टिले परिवर्तनकारी हुँदाहुदै पनि चेतनाका दृष्टिले मजदुरहरूमा रहेका सिमाहरूका कारण मजदुरहरूको एउटा हिस्साले दक्षिणपंथी राजनैतिक नेतृत्व तथा अभिजतिय ट्रेड युनियनका नेताहरूद्वारा सिर्जना गरिएका भ्रमपूर्ण नितिहरूलाई बुझ्न सकेन मजदुरहरूमा रहेको सिमा कमजोरीबाट फाइदा उठाएर मजदुर आन्दोलनका अगुवाहरूले संगठनलाई सिमित पेशागत मागहरू मात्र उठाउने अर्थवादी ट्रेड युनियनको स्तरमा गिराउने प्रयास गरे । फलतः जनवादी राजनैतिक लक्ष्य बोकेको मजदुर आन्दोलनको एउटा ठुलो समुहको पतनको यात्रा शुरु भयो ।

आजका दिनसम्म आउँदो माओवादी आन्दोलनको र क्रान्तिकारी युद्धको विरासत बोकेको मजदुर आन्दोलनको एउटा हिस्सा यथास्थितिवादी कांग्रेस एमाले सम्वद्ध मजदुर संगठन जस्तै दलाल पुँजीपति वर्गकै कठपुतलीका रूपमा बदलिइसकेका छन् । अनि ति संगठनहरू आफ्नो अस्तित्व कायम राख्नका लागि मजदुरहरूको क्रान्तिकारी चेतनालाई भुत्ते पार्दै परिवर्तनको प्रवाहमा अवरोध सिर्जना गर्ने कार्यका लागि क्रियाशिल रहेका छन्। खासगरी विदेशी दाताहरूको आर्थिक सहायतामा वर्गिय आन्दोलनलाई वैचारिक रूपले हत्या गर्ने रणनैतिक योजना स्वरूप आफ्ना नारा र अभियान अगाडि बढाइरहेका छन् । लैंगिक विभेद, बालश्रम, कार्यक्षेत्रमा अनुशासन, मजदुर मैत्री वातावरण, यस्तै यस्तै दलाल पुँजीपतिवर्गले तयार पारिदिएका परियोजनाहरू सञ्चालन गरिरहेका छन्। यसका लागि उनीहरूलाई आइ.एल.ओ/युनि जस्ता अन्तराष्ट्रिय संघ संस्थाद्वारा लगानी भैरहेको छ । मजदुरवर्गको हितको मुद्दा उठाएर उनीहरूका क्रान्तिकारी चेतनाको हत्या गर्नु यी संस्थाहरूको ध्यय रहेको कुरा आजको दुनियाँमा सबै जानकार छन्। यो सानो लेखमा दलाल पुँजीपतिवर्गको मजदुर आन्दोलनका मुट्ठिभर नेताहरूलाई प्रभावमा पारेर सिंगो मजदुर आन्दोलनलाई कसरी दिशाहिन बनाउँछ भन्ने कुराको व्याख्या सम्भव छैन अपितु महान जनयुद्धबाट आएको माओवादीकै एउटा हिस्सा र त्यसको मजदुर नेतृत्व दलाल पुँजीपति वर्गद्वारा कसरी परिचालित हुदै पतन हुन्छ भन्ने कुरा हेर्न धेरै टाढा जानु पर्दैन । तिनीहरूले अगाडि सार्ने नारा र तिनका जिवन पद्धति र विदेश यात्राको सूचि हेरे पुग्दछ । त्यसका वावजुत जनवादी क्रान्तिको माध्यमद्वारा मजदुर किसान एकतामा आधारित राज्य व्यवस्था स्थापना गर्ने र क्रान्तिद्वारा मजदुर वर्गको राजनैतिक र पेशागत अधिकारहरू रक्षा गर्ने क्रान्तिकारी मजदुर आन्दोलनको एउटा सशक्त धारा खडा भैसकेको छ र यसले श्रमिकवर्गको आशा र अपेक्षाहरूलाई मर्न दिएको छैन ।

हजारौ हजार मजदुरहरूका विचमा रहेर फेरी पनि मजदुर संघर्षको प्रवाह सिर्जना गर्ने प्रयत्न गरीरहेको छ । हामीले विश्वस्त भएर भन्न सक्छौ कि क्रान्तिकारी मजदुर आन्दोलनको विकास र मार्गचित्र कोर्न हामी सफल हुनेछौं । उदारीकरण र विश्वव्यापीकरणको नारा लिएर संसारभर श्रमिक वर्गको श्रमको दोहन गरेर अगाडि बढेको साम्राज्यवाद तथा दलाल पुँजीपतिवर्ग तथा तिनीहरूको आड भरोसामा टिकेको नेपालका नोकरशाही पुँजीपति वर्गका विरुद्ध सचेत संघर्ष गर्न सक्षम र जझारु संगठनको सुदृढीकरण विकास देशको तत्कालिन आवश्यकता भैसकेको कुरालाई आत्मसाथ गर्दै कथित दाता र विदेशि प्रतिकृयावादी वर्गले फलको हालिरहको नक्कली नारा होइन नेपाली श्रमिक वर्गले देशका मजदुरहरूले भोगिरहेको सबैखाले शोषण दमनका विरुद्ध संघर्ष गर्दै आफ्नै खुट्टामा उभिएर चल्न सक्ने एउटा जुझारु मजदुर आन्दोलनको श्रृष्टि गरौं !

## क्रान्तिको...

सबै शक्तिहरूलाई गोलबन्द पार्दै अघि बढ्नुपर्नेमा जोड दिए ।

अहिले नेपालमा यथार्थको भन्दा भ्रमको राजनीतिक बढी विकाउ भएको उल्लेख गर्दै उनले जनप्रतिनिधिहरूले नै उटपट्याङ कुरा गरेर जनतालाई भ्रमित पारेको बताए । उनले भने, ‘काठमाडौंमा मोनो रेल ल्याउने भनेका छन् । सबैलाई स्मार्ट मोवाइल वितरण गर्नेजस्ता उडन्ते कुरा गर्दै खाली दिमाग भएकोहरूले जनतालाई भ्रमित पारिरहेको छन् । जनता त्यो भ्रममा पर्नुहुन्न ।’

कार्यक्रममा पार्टीका सचिवालय सदस्य प्रेम सुवेदीले पार्टीले क्रान्ति पूरा गर्नका लागि पार्टी, संयुक्त मोर्चा र सेनाको अवधाराणालाई प्रभावकारी रूपमा अघि बढाउनुपर्नेमा जोड दिए । उनले अहिले पार्टीले बनाएको देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल गठन गरेर संघर्षको एउटा साधन बनाएको उल्लेख गर्दै उनले यसलाई जनतासम्म लैजाने दायित्वको नेतृत्व गर्नुपर्ने बताए । उनले भने, ‘तात्कालिन रूपमा सङ्घर्षमा मुख्य भूमिका बल प्रयोगको हुन्छ । तर त्यो सँधै प्रधान हुँदैन । उत्पीडित वर्ग, जाति, लिङ्ग, पेशा र तह तथा तप्काका जनताका नेतृत्व गर्न सक्यो भने यो मोर्चाको सार्थकता रहन्छ र त्यो वास्तविक मोर्चा बन्न सक्छ ।’

कार्यक्रममा शिक्षक संगठनबाट क्षेत्रबहादुर थापा, क्रान्तिकारी पत्रकार महासंघबाट दामोदर खनाल, दलित राष्ट्रिय मुक्ति मोर्चाबाट पूर्णविक्रम नेपाली, थारु मुक्ति मोर्चाबाट रामजी चौधरी, अनेमसंघ (क्रान्तिकारी) बाट दुर्गा अधिकारी खत्री, मधेसी राष्ट्रिय मुक्ति मोर्चाबाट बृजदेव पाण्डे, किसानबाट, लक्ष्मी पौडेल, मजदुरबाट नरेन्द्र बन्जाडे, विद्यार्थीबाट उपेन्द्र शाहहीलगायतले शुभकामना मन्तव्य राखेका थिए ।

सो भेलाले के.बी गुरुङको संयोजकत्वमा ५ नं. प्रदेश समिति गठन गरेको छ । जसको सचिवमा कुमार शाह रहेका छन् भने सदस्यहरूमा भुलबहादुर सुनारी, रामविलास थारु, निमकला पुन, बृजदेव पाण्डे, तेजकुमारी थापा, गोपाल नेपाली, यमबहादुर शाह, अब्दुल सलाम खान, मकबुल अली, टिपु सुल्तान, चुडामणि भण्डारी रहेका छन् ।

यसैगरी केजीकुमार पौडेल, पदम लामिछाने, ईश्वरीप्रसाद गैरे, नन्दराम रोका क्षत्री, पद्मप्रसाद अधिकारी, सुशिला आचार्य, तीलक विक., तेजविक्रम शाह, धनविर चौधरी, शान्ता खनाल, देवीराम आचार्य, विश्वम्भर चौधरी बर्दिया, हिमबहादुर केसी, टोमबहादुर घर्ती, बिरमा पाण्डे, भिमबहादुर घर्ती, टीकामन बुढा, पुष्पा डिसी, चन्द्रबहादुर सोनम, दामोदर खनाल, लिला श्रेष्ठ, केशव अधिकारी, अर्जुन तरामु, शिवमङ्गल चौधरी, चुनीकला विक रहेका छन् ।

यसैबीच नेकपा (क्रान्तिकारी माओवादी) को वैधानिक मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चाले प्रदेश संरचनामा जाने निर्णय गरेसँगै विभिन्न प्रदेश कमिति गठन भएका छन् । सोही अनुसार देजमोको बेग्लाबेग्लै भेलाले प्रदेश नम्बर २ मा कमल चौधरी र ३ नम्बरमा पवनमान श्रेष्ठको संयोजकत्वमा प्रदेश समिति निर्माण गरेको छ ।

राजधानीमा भएको ३ नम्बर स्तरीय भेलाले क्रान्तिकारी माओवादीका सचिवालय सदस्य समेत रहेका श्रेष्ठको संयोजकत्वमा ३३ सदस्यी प्रदेश समिति गठन गरेको हो । समितिका सदस्यहरूमा अम्बिका मुडभरी, शिवराम यादव, कान्छाराम तामाङ, दिलबहादुर घिसिङ, हरिकृष्ण गजुरेल, भक्तराज थापा, सचिर महर्जन, किरण शाही, गोर्की श्रेष्ठ, हरिकृष्ण उपाध्याय, भरत बुर्जा, खगेन्द्र छन्त्याल, श्रीकृष्ण सुलु, श्याम केसी, गोपाल घिमिरे, सेवन्तराज भण्डारी रहेका छन् ।

यसैगरी अशोक शर्मा, कुमार बोगटी, सोनाम याङ्की लामा, पूर्णकुमारी देवकोटा, इन्दिरा अधिकारी, इन्दिरा घिमिरे, अम्बिका पाण्डे, अब्दुल्ला सलाम, अमृत अधिकारी, निरञ्जन श्रेष्ठ, विष्णु न्हिसुतु, नारायण अधिकारी, लीला पौडेल, लाङ्घाली मगर, टिका खतिवडा हस्तबहादुर रहेका छन् ।

उता, दुई नम्बर प्रदेशमा पनि देशभक्त जनगणतान्त्रिक मोर्चाको प्रदेशस्तरीय भेला सम्पन्न भएको छ । भेलाले क्रान्तिकारी माओवादीका सचिवालय सदस्य तथा देजमोका कार्यालय सदस्य कमल चौधरीको नेतृत्वमा १९ सदस्यीय प्रदेश समिति निर्माण भएको छ ।

समितिमा विदुर खरेल, जितेन्द्र सिंह, खड्ग साह, रूपेश पोखरेल, तेतरीदेवी पट्टेल, सूर्यनारायण चौधरी, रामेश्वर यादव, सुरेन्द्र साह, सञ्जय सिंह, विन्देश्वर राय, ठकुन महतो, प्रेम भुजेल, गान्धी यादव, केशब न्यौपाने, किरण चौधरी, नन्दु झा, बलिराम यादव र तुलबहादुर बलम्पाकी सदस्य रहेका छन् ।

# डोक्लाम विवाद : भारतको ब्रिटिशकालीन मानसिकताको उपज



● ईन्द्र राउत ●

सन् १९४७ मा ब्रिटिश साम्राज्यवादबाट मुक्त भएपछिका सात दशकसम्म भारतले ब्रिटिशकालीन विदेश नीतिलाई अख्तियार गरिरहेको छ । दक्षिण एशियामा आफ्नो सीमा जोडिएका छिमेकीमाथि 'विस्तारवादी नीति' थोपर्दै आएको भारतको कुनै पनि छिमेकीसँग राम्रो सम्बन्ध छैन । विस्तारवादी नीतिकै कारण भारतले छल, वल, कलद्वारा सन् १९७५ मा एउटा स्वतन्त्र र सार्वभौम मुलुक 'सिक्किम'लाई भारतमा विलय गरायो । उसले त्यही नीति भूटान, नेपाल, श्रीलंका, वर्मा, माल्दिभ्सलगायतका देशहरूमा विभिन्न रूपमा थोपरिरहेको छ । चीनलगायतका छिमेकीबाट भारतलाई सुरक्षित राख्न ब्रिटिश शासकहरूले खडा गरेको 'म्याक मोहन लाइन'को सिमाभित्र पर्ने अर्थात् हिमालय श्रृङ्खलाको दक्षिणी भूभागमा पर्ने देशहरूलाई आफ्नो देशमा गाभ्नुपर्छ भन्ने 'नेहरू डक्ट्रिन'को मानसिकताबाट ग्रसित रहँदै आएको छ । नेहरूकै पालादेखि भारतले चीनसँग सिमा जोडिएका हिमाली देशहरूमाथि आफ्नो विस्तारवादी हैकम लाद्दै आएको छ र 'माइक्रो मेनेजमेन्ट'को तहमा उत्रेर हस्तक्षेप गरिरहेको छ । भूटानसँग सिमा जोडिएको आफ्नो भूभागमा चीनले सडक बनाउँदा भारतीय सुरक्षा फौज चीनको भूमिमा अनधिकृत रूपमा प्रवेश गरी अवरोध खडा गर्नु भारतीय शासकहरूको त्यही ब्रिटिशकालीन मानसिकताको उपज हो ।

**डोक्लाम चीनकै भूमि हो**

पूर्व सोभियत संघ, टर्की, जर्मनीलगायत डेढ दर्जन मुलुकमा भारतका राजदूतसमेत रहिसकेका एमके भद्रकुमारले ३ साउन २०४७ मा नेपालबाट प्रकाशित हुने अन्नपूर्ण दैनिकमा लेखेका छन्, ' हाल भुटान, भारत र चीनबीचको विवादको केन्द्र बनेको डोक्लाम क्षेत्र चिनियाँ भूभाग नै हो । भारतले भूटानको नक्सा बनाउँदा त्यसलाई खुसुक्क भूटानमा पारिदिएका हुन् ।" उनै भद्रकुमारले १७ जुलाई, २०१७ मा एशियन टाइम्समा लेखेका छन्, "चीनले भारत वा भूटानको जमिनमाथि कुनै अतिक्रमण गरेको छैन । आफ्नो भूमिमा एक दशक अघि नै निर्माण गरिसकेको सडकलाई विस्तार मात्र गरेको हो । बरु भारतीय सेना नै चीनको भूभागमा प्रवेश गरेर सडक निर्माणमा अवरोध पुऱ्याइरहेको छ ।"

भारतका बरिष्ठ पत्रकार आनन्द स्वरूप वर्माले नेपालबाटै प्रकाशित हुने नयाँ पत्रिका दैनिकको साउन १०, २०७४ को अंकमा लेखेका छन्, "चीनले विभिन्न देशका राजदूतसित अलग अलग तथा सामूहिक रूपमा पनि सम्पूर्ण नक्सा र दस्तावेज देखाएर यो बुझाउने कोशिस गरिरहेको छ कि सो स्थान निर्विवाद रूपले उसैको हो ।" उनले लेखेका छन्, "सिक्किम (भारत) र तिब्बत (चीन) बीचको डोक्लाममा अन्तर्राष्ट्रिय सिमाना निकै अघि नै निर्धारण भइसकेको छ र यसमा कुनै विवाद पनि छैन । १९८० को दशकमा भूटान र चीनबीच २४ पटक संवाद भयो । दुवै देशको सिमानाको निर्धारण पनि लगभग भइसकेको छ र यसमा कुनै विवाद पनि छैन । तर भारत लगातार भुटानमाथि यस्तो दबाब दिइरहेको छ कि उसले त्यस क्षेत्रमाथि दाबी गरेर चीनलाई सडक बनाउनबाट रोकोस् ।"

चिनियाँ सरकारको मुखपत्रको रूपमा लिइने ' ग्लोबल टाइम्स"ले आफ्नो सम्पादकीयमा लेखेको छ, "सन् १८९० मा ग्रेट ब्रिटेन र चीनबीच सिक्किम र तिब्बतका सम्बन्धमा भएको सन्धि अनुसार डोक्लाम निर्विवाद रूपमा चीनको भूभाग हो ।"

डोक्लाम भूटान, भारत र चीनको संगमस्थलको रूपमा चर्चा गरिए पनि यो भुटान र चीनको सिमामा अवस्थित छ र सबै ऐतिहासिक दस्तावेज र नक्साहरूले यो चीनकै भूमि रहेको पुष्टि हुन्छ ।

**भारतको अर्ध तथा नवऔपनिवेशिक हस्तक्षेप**

ब्रिटिश साम्राज्यवादबाट भारत मुक्त भएपछि सन् १९४९ मा भएको सन्धि अनुसार भुटानको सुरक्षा र परराष्ट्र नीति भारतले आफ्नो हातमा लियो । ब्रिटिश भारतद्वारा भुटानको अतिक्रमित २ हजार ७ सय ५० वर्गमाइल क्षेत्रफल भएको भूभागमध्ये केवल ३२ वर्गमाइल देवानगिरि मात्र भुटानलाई फर्कायो । उक्त सन्धिको धारा २, ८ र ९ लाई भुटानका राष्ट्रवादीहरूले असमान र राष्ट्रघाती रहेको भन्दै विरोध गर्दै आएका छन् । पछि सन् २००७ मा ब्रिटिशकालीन सन्धि परिमार्जित गरियो तर ब्रिटिशकालदेखि क्षतिपूर्ति दिइदै आएको भुटानी डुवर्स भूमि परोक्ष रूपमा भारतको आधिपत्यमा गाभिएको छ ।

भारतीय बरिष्ठ पत्रकार वर्माले लेखेका छन्, "सन् १९४९ मा भारत-भुटान मैत्री सन्धि मा एउटा यस्तो प्रावधान थियो- भुटान आफ्नो विदेश नीति भारतको सल्लाहका आधारमा सञ्चालन गर्नेछ । तर, २००७ मा सन्धि नवीकरणपछि यस प्रावधानलाई हटाइएको भए पनि अलिखित रूपमा यस्तो सम्पूर्ण व्यवस्था भने कायम रह्यो कि भुटानमा जो कोही सत्तामा पुगे पनि उसलृ भारतसितको सल्लाहविना आफ्नो विदेश नीति तय गर्न सक्दैन ।"

सन् २०१२ मा ब्राजिलको रियो दि जेनेरियोमा एक अन्तर्राष्ट्रिय सम्मेलनको क्रममा भुटानी प्रधानमन्त्री थिन्लेले चीनका तत्कालीन प्रधानमन्त्रीसित एक अनौपचारिक भेट गरे । चिनियाँ र भुटानी प्रधानमन्त्रीबीचको यो भेट नै पहिलो भेट थियो । भुटानले चीनबाट १५ वटा बस लियो । यसलाई भारतले मन पराएन । भारत भुटानले अन्य देशसित सम्बन्ध स्थापित गरेको हेर्न चाहँदैनथ्यो । तर २००८ सम्ममा २२ देशसँग मात्र कुटनीतिक सम्बन्ध रहेको भुटानले अहिलेसम्म ५३ देशसँग कुटनीतिक सम्बन्ध विस्तार गरेको छ । तथापि चीनसँग अहिलेसम्म भुटानको कुटनीतिक सम्बन्ध अहिलेसम्म छैन । भारत चाहन्छ कुनै पनि हालतमा भुटानको चीनसँग कुटनीतिक सम्बन्ध नबनोस् । त्यही मानसिकताकै कारण उसले थिन्लेलाई भुटानबाट सत्ताच्युत गर्न खोज्यो । र, १३ जुलाई २०१३ मा भएको दोस्रो आम निर्वाचनताकाको करिब डेढ महिनामा भारतले यति चलखेल गऱ्यो कि ३३ सिटसहित सत्तासिन भएको डिपिटीलाई १२ सिटमा सीमित गराउँदै भारत परस्त पिडिपीलाई ३५ सिटमा विजयी गराउन सफल भयो । डिपिटीका नेता तत्कालीन प्रम थिग्मे थिन्लेसँग भारतको सम्बन्ध राम्रो थिएन । थिन्लेलाई सत्ताच्युत गर्न भारतले भुटानलाई मट्टितेल र खाना पकाउने ग्याँसमा दिंदै आएको अनुदानमा समेत रोक लगाएको थियो । अहिले भुटानमा पिडिपीका नेता छिरिङ तोब्गे प्रधानमन्त्री छन् । उनलाई भारतले आफ्नो दबदबामा राख्दै आएको छ । तर जनतामा भने राष्ट्रिय स्वाधीनताको पक्षमा ठूलो जागरण पैदा भइरहेको छ । तोब्गे जनताको ठूलो दबाबमा पनि छन् । नेहरूकै पालादेखि भारतले भुटानमाथि आफ्नो अर्ध तथा नव औपनिवेशिक शासन लाद्दै आएको छ । ऊ क्रमशः भुटानलाई सिक्किम बनाउने अभियानमा लागिरहेको बेला भुटानको सिमासम्म चिनको सडक विस्तारले भुटानको सम्बन्ध चीनसँग नजिकिए आफ्नो अभियान पूरा नहुने देखेको भारतले चीनलाई सडक विस्तारमा अवरोध पुऱ्याइरहेको छ ।

**किन चीनलाई जिस्क्याउँदैछ भारत ?**

विश्वमा पहिलो आर्थिक शक्तिको रूपमा अगाडि आउँदै गरेको चीनलाई रोक्न अमेरिकाले एशियामा लगानी विस्तार गरिरहेको छ । आफ्नो उद्देश्यमा सहयोगीको रूपमा भारतलाई चीनका विरुद्ध अमेरिकाले प्रयोग गरिरहेको छ । त्यसमा भारत आफै पनि क्षेत्रीय रूपमा चीनको प्रतिस्पर्धी ठान्दछ । चीनलाई कमजोर बनाउन भारत आफै पनि लागिपरेकै छ । आर्थिक वृद्धिलाई एक सुत्रीय एजेण्डा बनाएर 'सिल्करोड'को मेघा प्रोजेक्टमा अगाडि बढिरहेको चीनलाई रोक्न 'डोक्लाम विवाद' उनीहरूका लागि राम्रो इस्यु बनेको छ । दक्षिण एशियाका भारत र भुटानबाहेक सबैले चीनको वन बेल्ट एण्ड रोड इनिसियटिभमा आफ्नो सहभागिता जनाइसकेका छन् । भारत र भुटानमा पनि यस प्रोजेक्टमा सहभागी हुन जनस्तरबाट दबाब बढिरहेको छ । यही बेला सिमा विवाद झिकेर भारतले एकातिर जनताको दबाब मत्थर पार्न चाहेको छ भने अर्कोतिर अन्तर्राष्ट्रिय जगतमा चीनसँग टक्कर गरेजस्तो गरेर आफू पनि शक्तिशाली भएको देखाउन चाहन्छ । र, उसले चिनियाँ भूभागमा आफ्नो उपस्थिति देखाइरहेको छ । चीनको संयमतालाई कमजोर ठानिएर भारतले युद्धको सामना गर्नुपर्ने चेतावानी चीनले दिंदै पनि आएको छ ।

चीन तत्काल युद्ध गर्नुपर्ने परिस्थिति सिर्जना नहोस् भन्नेमा सतर्कता अपनाउँदै आएको छ । आफ्नै भूमिमा भारतीय सेना पस्दा पनि संयमता अपनाइ राखेको छ र भारतलाई आफ्नो सेना फिर्ता लैजान पटक पटक भनिरहेको छ । तर भारतले अटेर गरेर निहुँ खोजिरहेको छ । भारतलाई युद्धमा अल्झाएर आर्थिक वृद्धिको उसको रोडम्यापमा हिड्नबाट अलगावमा पार्ने इन्डो-अमेरिकन डिजाइन हुन सक्ने कुटनीतिक विश्लेषकहरूको ठहर छ ।

भारतीय विश्लेषकहरूले बताउँदै आएका छन् कि डोक्लाम क्षेत्रमा चीनले निर्माण गरेको सडकले चीनलाई भुटान र भारतसँगको उसको त्रिदेशीय सीमामा सजिलो पहुच प्रदान गर्नेछ । भुटान र बंगलादेशबीचको साँघुरो भारतीय भूभाग सिलिगुडी कोरिडोर चिनियाँ तोपको मारक क्षेत्रभित्र पर्दछ । त्यसबाट युद्धको समयमा विवादित अरुणाञ्चल प्रदेशसहितको उत्तरपूर्वी भारतलाई बाँकी भारतसँग अलग पार्ने सामरिक क्षमता चीनलाई सजिलै प्राप्त हुनेछ । स्मरण रहोस् कि गोर्खाल्याण्डमा अलग राज्यका लागि आन्दोलन जारी छ । सिक्किममा पनि 'हाम्रो देश फर्काइदे' भन्ने माग दिनदिनै बढ्दै गएको छ । यसका अतिरिक्त नागाल्याण्ड, मिजोरम, मेघालय, त्रिपुरा, असम आदि राज्यमा पनि भारतप्रतिको घृणा अझै तीव्र रहेको गोर्खाल्याण्ड आन्दोलनबारे अध्ययन गरिरहेका राजनीतिक विश्लेषक सिके श्रेष्ठले साउन ८, २०७४ मा कान्तिपुर दैनिकसँगको कुराकानीमा बताएका छन् ।

**भुटानमा बढ्दैछ भारतविरोधी जनमत**

भारतको लामो अर्धऔपनिवेशिक तथा नवऔपशिवेशिक प्रभुत्वमा पिल्सिएका भुटानीहरूमा राष्ट्रिय स्वाधीनताको क्षेत्रमा जागरण बढ्दो छ । भुटानका अन्त्यन्त लोकप्रिय ब्लगर तथा चिरपरिचित बुद्धिजीवी बाङ्चा सांगेले आफ्नो ब्लगमा लेखेका छन्, "जहिल्यै भारतको धुनमा नाच्नुपर्ने राजनीतिबाट भुटान अब माथि उठ्नुपर्छ । हामी भारतको राम्रो छिमेकी मात्र होइनौं, एक राम्रो विश्वसनीय मित्र पनि हौं । तर, यसका साथसाथै, यो पनि त्यत्तिकै सत्य हो कि हामी एक सम्प्रभु राष्ट्र हौं । त्यसैले भुटानको राष्ट्रिय हित भारतलाई खुशी बनाउने दिशामा केन्द्रित हुनु हुँदैन । हामीले आफैलाई पनि खुशी राख्नु पर्छ ।" उनले अगाडि भनेका छन्, "चीनसित सम्बन्ध राखेको विषयमा भुटानलाई किन दण्डित गरिदैछ ? कुन चाहिं राष्ट्रिय नेता र कुन चाहिं राष्ट्रिय सरकारले आफ्नो आत्मालाई कुनै अर्को देशको हातमा बन्दक राख्न चाहन्छ ? हामी कुनै त्यस्तो बँधुवा यौनकर्मी होइनौं, जसले आफ्नो मालिकको इच्छानुरूप आँखा झिम्क्याओस् र आफ्नो नितम्ब हल्लाओस् ।"

हिस्ट्र अफ भुटानका लेखक डा.कर्माले एउटा साहित्यिक कार्यक्रममा राखेको विचारलाई उल्लेखित गर्दै भारतीय बरिष्ठ पत्रकार वर्माले एउटा लेखमा लेखेका छन्, "भुटानका नागरिक हाम्रो स्थानीय राजनीतिमा भारतको हस्तक्षेप मन पराउँदैनन् ।"

भुटान पिपुल्स पार्टीका अध्यक्षले साउन २०को अंकमा एक लेख लेख्दै भनेका छन्, "भुटान-चीन विवाद समाधानमा कुनै तेस्रो पक्षको सहयोगको अपेक्षा गरिनुहुन्न । दुवै मुलुकबाट मैत्रीपूर्ण सम्बन्ध स्थापित गरिने विषयमा सन् १९८८ र १९९८ मा भएको बेइजिङ सम्झौताका सीमाभित्र रहेर समाधान खोजिनु पर्दछ ।" यहाँ उनले तेस्रो पक्ष भनेर भारतलाई भनेका हुन् । उनले सोही लेखमा भनेका छन्, "छिमेकी मुलुक चीनले आफ्नो सीमासम्म मोटरेबल सडक ल्याएको खुशीयालीमा रमाएका नेपाली जनताजस्तै भुटानी पनि उत्तरतर्फ प्रशस्तै बाटाहरू जोडिएर रमाउन पाउने प्रतीक्षामा छन् ।"

**भारतको विस्तारवादी नीतिका विरुद्ध चीन**

छिमेकी मुलुकसँग अहस्तक्षेपको नीति लिदै आएको चीनले पछिल्ला दिनमा आफ्नो मुलुकसँग सिमा जोडिएका देशहरूमाथि भारतले गर्दै आएको हस्तक्षेपको कडा विरोध गर्दै आएको छ । आफ्ना छिमेकी मुलुकमाथिको हस्तक्षेप बन्द नगरे चुप लागेर नबस्ने चेतावनी दिंदै पनि आएको छ । भुटानसँग सिमा जोडिएको आफ्नो भूभागमाथि भारतले देखाएको रवैयालाई उसले भारतको विस्तारवादी नीतिअन्तर्गतको हस्तक्षेपको रूपमा हेरेको छ । र, मूलतः उसले भुटान र नेपाललाई सिक्किम हुनबाट बचाउन ती देशका जनताहरू नै जागरुक हुनुपर्ने धारणा पछिल्ला दिनमा बाक्लैगरी राख्दै आएको छ ।

चिनियाँ विज्ञहरूले भनेका छन्, "भुटान र नेपालका लागि सिक्किम बन्नबाट बच्नु नै पहिलो चुनौति रहेको छ ।" भुटान र नेपालको आन्तरिक मामिला, सार्वभौमिकता, राष्ट्रिय प्रतिरक्षा र स्वतन्त्रतामा भारतले गरेको नाङ्गो हस्तक्षेप र नियन्त्रण जारी राखेकोमा चिनियाँ विज्ञहरूले गहिरो चिन्ता प्रकट गरेका हुन् ।

'भारतले भुटानको रक्षा र कुटनीतिमा नियन्त्रण गर्दै आएको छ । यो भुटानको सार्वभौमसत्ता र राष्ट्रिय स्वार्थ विपरीत छ । ठूलो संख्यामा भारतीय नागरिकहरू नेपाल र भुटानमा बसाईं सरेका छन् । नेपालको आन्तरिक मामिलामा भारतको ठाडो हस्तक्षेप छ' चीनको चर्चित थिंकट्यांक छहर इन्स्टिच्युटका अनुसन्धानकर्ता लोङ् सिङ्चुनले ग्लोबल टाइम्समा लेखेका छन् ।

भारतले पहिले ठूलो संख्यामा सिक्किममा भारतीय नागरिकहरू बसाईंसराई गरी पठाएको र अन्ततोगत्वा तिनै भारतीय नागरिकका माध्यमबाट सिक्किमको संसदलाई आफ्नो नियन्त्रणमा लिएर भारतले स्वतन्त्र मुलुक सिक्किमलाई आफूमा बिलय गराएको उनले उल्लेख गरेका छन् ।

चिनियाँ कम्युनिस्ट पार्टीको मुखपत्र ग्लोबल टाइम्समा हालै प्रकाशित लेखहरूमा चिनियाँ विज्ञहरूले भारतको बढ्दो मनोमानीका कारण दक्षिण एसियामा भुटान र नेपालजस्ता मुलुक प्रताडित भएको उल्लेख गरेका छन् ।

पश्चिमा मुलुकहरूले भारतको प्रभूत्ववाद दक्षिण एसियामा कायम गराएर चीनलाई घेर्नका लागि भारतलाई उपयोग गरेको पनि उनीहरूको विश्लेषण छ ।

'जस्तो सन् २०१५ मा भारतले नेपालमा नाकाबन्दी गरेको समयमा पश्चिमा मुलुकहरू र संचारमाध्यम त्यसबारे मौन बसे । यसबाट देखिन्छ कि भारतको दक्षिण एसियाका साना मुलुकमा रहेको हैकमवाद बिरुद्द उनीहरू आँखा चिम्लिन्छन्' उनले लेखेका छन् ।

डोक्लाममा तनाव चलिरहेकै बेला तिब्बती 'पृथकतावादी' समूहका नेता दलाई लामा पक्षधरहरूले लद्दाख क्षेत्रमा अवस्थित बाङ्गोङ् तालमा स्वतन्त्र तिब्बतको झन्डा फहराएकोमा चिनियाँ विज्ञले आपत्ति जनाएका छन् । यसरी स्वतन्त्र तिब्बतको झण्डा फहराइनुमा भारतीय पक्षकै चालबाजी हुनसक्ने उनीहरूको बुझाई छ ।

**नेपालले सिक्नुपर्ने पाठ**


डोक्लाम विवादबाट नेपाल र नेपाली नागरिकले सिक्नुपर्ने अमूल्य छन् । सिक्किम विलय गराएपछि भारतीय शासकवर्गको गिद्दे नजर भुटान र नेपालमाथि परेको छ । सुरक्षा र परराष्ट्र नीति आफ्नो हातमा लिन सफल भएको भारतले भुटानको स्वतन्त्र अस्तित्वमाथि धावा बोलेको छ । डोक्लाम विवादमा उसले भुटानलाई आफ्नै मुलुकको एउटा प्रान्तको स्तरमा झारेर चीनसँग अनावश्यक रूपमा पौठेजोरी खेलिरहेको छ । करिब २० हजारभन्दा बढी संख्यामा भारतीय सेना तैनाथ गरेको भारतले भुटानी नागरिकमा एउटा मनोवैज्ञानिक आतंक खडा गरेको छ । आफ्नो नीति निर्देशनभन्दा बाहिर जान लागेपछि नेपालमा जस्तै भुटानमा पनि उसले नाकाबन्दी लगाउने गरेको छ । डोकलाम इलाकामा चीनको उपस्थितिले आफ्नो प्रभुत्व वा भुटानमाथिको एकाधिकारको अन्त्य हुने र भुटान मात्रै होइन, सिक्किम समेत स्वतन्त्र मुलुक हुने स्थिति आउने देखेपछि भारत चीनसँग बढी आतंकित बन्न पुगेको छ ।

नेपालमा पनि भारतले भुटानकै तरिका अपनाउँदै आएको छ । भारतसँग गरिएको सन् पचासको सन्धि, त्यो भन्दा घातक २०१६ सेप्टेम्बर १५-१८ सम्म भारत भ्रमणको क्रममा नेपालका तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले गरेको प्रधानमन्त्री स्तरीय २५ बुँदे सम्झौता र त्यसको ११ नं. बुँदामा 'ठूला अन्तर्राष्ट्रिय मुद्दा मामिलामा दुवै देशको एउटै धारणा हुनेछ' भन्ने प्रावधानले नेपालको पनि परराष्ट्र नीतिमा भारतले आफ्नो हात माथि पारिसकेको अवस्था छ । यही सम्झौताकै बाध्यता हुन सक्छ दुई विशाल छिमेकी मुलुक चीन र भारतबीच द्वन्द्व चलिरहेको समयमा पनि नेपालका प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमण । पञ्चशीलका आधारमा असंलग्न परराष्ट्र नीति लिदै आएको नेपालले दुवै देशबीच युद्धकै धम्की चलिरहेको अवस्थामा भारत भ्रमण गर्नु गम्भीर कुटनीतिक मर्यादाको उलंघन र भ्रमणलाई छिमेकी मुलुक चीनका विरुद्ध भारतले उपयोग गर्ने हुनसक्छ । यसर्थ, यस्तो अवस्थामा हुने प्रधानमन्त्रीको भारत तत्काल रोक्न जरुरी छ । र, नेपालले भारत र चीनसँग समदुरीको सम्बन्ध कायम राख्दै एकअर्कोका विरुद्ध नेपालको भूमि प्रयोग हुन नदिन सकर्तकता अपनाउन जरुरी छ । दुवै देशको सुरक्षा चासोको सम्बोधन गर्दै कुटनीतिक सन्तुलन कायम राख्न सकेको खण्डमा मात्रै नेपालको सार्वभामिकता सुरक्षित रहन सक्छ । यसका लागि सबैभन्दा बढी जिम्मवार सत्तासिन संसदवादी शासकहरू छन् । उनीहरूले भारतीय विस्तारवादी शासकहरूको दलाली गर्ने मानसिकता त्याग्न सक्नु पर्दछ । भारतीय हस्तक्षेप र शासकहरूको दलाल तथा लम्पसारवादी चरित्रका विरुद्ध देशभक्त, वामपन्थी तथा जनतान्त्रिक शक्तिहरूको वैकल्पिक राजनीतिक शक्ति निर्माण जरुरी छ ।



# युवा लेखकहरूसित कुराकानी

## म्याक्सिम गोर्की



उन्नाइसौँ शताब्दी निराशावादी दर्शनहरूको शताब्दी हो । बीसौँ शताब्दीमा आएर यो निराशावादले स्वभाविकरूपले ह्रासोन्मुख समाजतिर घोरतम उदासिनता र कठोरतम नैराश्यको रूप लिन पुग्यो । यसको भुमरीमा परेर त्यो मानवतावादलाई पनि पूर्णतया तिलाञ्जलि दिइयो, जसका बारेमा पहिलेका सबै पुँजीपतिहरूलाई ठूलो घमन्ड थियो ।

आफ्नो जीवनलाई सञ्चालन गर्ने मूल शक्तिहरूलाई पत्ता लगाउन नभएर, आफ्ना विचारहरूलाई कुनै खास ठाउँमा पुऱ्याएर विश्राम गर्ने आतुरी भएको कारणले धेरै मानिसहरू सोच्ने र तर्क–वितर्क गर्ने काम गर्दछन् । उनीहरूमा प्रायः 'तर्क अथवा सन्देहभन्दा टाढाका' सत्यहरूको स्थापना गर्ने आतुरी मुख्यरूपले आलोचकहरूमा पाइन्छ र उपन्यासकार र कथाकारहरूमा पनि यसको नराम्रो प्रभाव पर्दछ ।

लेखकको काम धेरै नै श्रेयष्कर हुन्छ, किनभने त्यसको अनिवार्य परिणाम जीवन र निरन्तर परिवर्तनशील वास्तविकताहरूमा निहित सत्य सङ्कुचित व विकृत हुन जान्छ । एङ्गेल्सले (एङ्गेल्स अति नै बुद्धिमान मानिस थिए) मार्क्सवाद कुनै जड सिद्धान्त नभएर कार्यक्षेत्रमा बाटो देखाउँने दर्शन हो भनेर एकदमै सही भनेका हुन् । यदि साधारणरूपमा भन्ने हो भने हामी के भन्न सक्दछौँ भने हाम्रा सम्पूर्ण कामहरूको उद्देश्य पुरानो संसारलाई बदलेर नयाँको निर्माण गर्नु हो ।

सोभियत श्रमिकहरूको सोह वर्षको वीरतापूर्ण श्रमका कल्पनातीत फलहरूले सारा संसारलाई असंदिग्धरूपले के देखाएको छ भने श्रमिक वर्गमा कति जीवन–शक्ति, कति प्रतिभा र कति विराट् रचनात्मक कौशल हुन्छ । सोभियत सङ्घका हामी लेखकहरूले अहिलेसम्म न यस श्रमको असिम शक्तिमत्तालाई न त त्यसका सफलताका विविधता र वाहुल्यतालाई बुझेका छौँ ।

व्यावहारिक अनुभवको ठोस आधारमा टिकेको विश्वासका साथ के भन्न सकिन्छ भने हामी आज संसारमा जुन काम गर्दैछौँ, त्यसका सम्भावनाहरू आजका सबै कुराभन्दा र मानिसका आजसम्मका हजारौँ वर्षका हरेक किसिमका श्रमबाट निर्मित कुराहरूभन्दा बढी छन् । आफ्नो देशका प्रति, आफ्नो साहित्यको उत्तरदायित्वलाई बुझन र त्यसलाई पूरा गर्न हामीले आधुनिक संसारको गम्भीर र विशिष्ट अध्ययन गर्नु जरुरी छ ।

साहित्यका के के अङ्ग छन् ? अर्थात् बिम्वहरू, चरित्रहरू र समष्टिको प्रतितिधित्व गर्ने (टाइप) पात्रहरूको शब्दहरूद्वारा चित्रण कसरी हुन्छ ? शब्दहरूका दर्पणमा जीवनका घटनाहरू र वास्तविकताहरू, प्राकृतिक दृष्यहरू र चिन्तनका प्रक्रियाहरूको प्रतिबिम्बन कसरी गरिन्छ ?

साहित्यको मूल तत्व हो भाषा । भाषा नै साहित्यको मुख्य साधन हो र जीवनका यथार्थहरूसित गहिरो सम्पर्कमा आएपछि भाषाले साहित्यको कच्चा पदार्थका काम गर्दछ र यसैबाट साहित्यको निर्माण हुन्छ । एउटा असाध्यै राम्रो उखानमा भाषाको परिभाषा दिइएको छ–"यो मह त होइन तर सबै ठाउँमा टाँसिन्छ ।" यसको अर्थ के हो भने संसारमा सङ्ज्ञा नभएको कुनै कुरो छैन ।

शब्द नै समस्त घटनाहरू र विचारहरूको परिधान हो । तर हरेक घटनाको सामाजिक महत्व त्यस घटनामा लुकेर रहेको हुन्छ र हरेक विचारमा किन कुनै विचारको रूप अरू नभएर त्यही नै हुन्छ, यसको कुनै–न–कुनै कारण हुन्छ । यदि कुनै साहित्यिक रचनाको उद्देश्य घटनाहरूभित्र लुकेको सामाजिक अभिप्रायलाई समग्र भावले, अति स्पस्टता र पूर्णतासहित उद्घाटन गर्नु रहेको छ भने सरल र भावहरूलाई एकदमै ठीक–ठीकरूपमा अभिव्यक्त गर्ने क्षमतासम्पन्न भाषाको आवश्यकता हुन्छ । यस कामका लागि होसियारीसाथ छानिएका शब्दहरू चाहिन्छ । हाम्रा पुराना कलाकारहरूको भाषा यस्तै थियो ।

त्यो त्यस्तो भाषा थियो, जसलाई शताब्दीयौँको विकासले पुष्ट बनाएको थियो । त्यो एक वास्तविक अर्थमा साहित्यिक भाषा हो, यद्यपि त्यसको उद्भव जनताको बोलीचालीको भाषबाट भएको हो । तथापि त्यो आफ्नो मूल श्रोतभन्दा धेरै नै फरक छ, किनभने वस्तुहरूलाई शब्दद्वारा प्रस्तुत गर्ने क्रियामा त्यसमा भएका सबै क्षणिक, अस्थिर, अपष्कृत र विकृत ध्वनि भएका तत्वहरू निस्किएका छन्, जुन बोलीचालीका भाषामा पाइन्छन् । तर थुप्रै कारणले तिनको भाषाको मूल आत्मासित मेल हुँदैन ।

भाषाको मूल आत्मा भन्नाले हाम्रो मूल आसय भाषाको त्यो रूपसित छ, जुन त्यसलाई बोल्ने मानिसहरूमा समानरूपले प्रचलित छ । बोलीचालीको भाषा लेखकहरूद्वारा चित्रित चरित्रहरूको कथोपकथनमा सुरक्षित रहन्छ भन्ने स्वयंसिद्ध कुरो हो । तर त्यसको उपयोग चरित्रलाई अझ बढी सजीव ढङ्गले प्रस्तुत गर्नका लागि गरिनुपर्दछ ।

युवावस्थामा मलाई पनि नयाँ शब्द निर्माण गर्ने ठूलो सनक चलेको थियो । सरकारी वकिलहरू र अभियुक्तहरूका वकिलहरूको धारा प्रवाही वक्तृताले ती केटौले प्रयत्नहरूलाई धेरै नै प्रोत्साहन मिल्दथ्यो । त्यहाँ पाप र पुण्य दुवै एउटै समान सुन्दर शब्दहरूमा छाँटिएर उभिएका हुन्थे र अभियोग लगाउँनेहरू तथा अभियोगबाट आफूलाई बचाउँनेहरू दुवै नै एउटै शब्दावलीको प्रयोग उस्तै चातुर्यका साथ गर्दथे ।

मलाई त्यो देखेर अचम्म लाग्दथ्यो र मचाहिँ नयाँ शब्द बनाउँने मूर्खतापूर्ण प्रयत्नहरूमा कापीहरू एक–पछि–अर्को रङ्गाएर फ्याक्दै जाँदै थिए । यो पनि एक किसिमको रोग नै थियो । मैले वास्तविक जीवनलाई के कुराका लागि धन्यवाद दिनैपर्दछ भने उसले एउटा राम्रो चिकित्सकले झैं मलाई चाँडै नै यस रोगबाट निको पाऱ्यो ।

संस्कृतिको इतिहासले हामीलाई के भन्दछ भने भाषाहरूले विशेषगरी त्यसकालमा समृद्धि लाभ गर्दछन्, जतिखेर सामाजिक आन्दोलनले तीव्र रूप लिएको हुन्छ, जतिखेर उत्पादनका नयाँ साधनहरूको प्रयोग हुन थाल्दछ र वर्गसङ्घर्ष तीक्ष्णतर हुन्छ ।

हाम्रो यस भनाईको पुष्टि लोकगीत, लोकोक्ति आदिबाट पुष्टि हुन्छ । बोलीचालीको भाषाको विकासको प्राकृतिक ढङ्ग पनि यही नै हो । यस क्षेत्रमा कृत्रिम 'मौलिकताहरू' को पनि त्यसरी नै स्थान हुदैन, जसरी पुराना शब्दहरूलाई अर्थात् अर्थ घोटिँदा–घोटिँदा नष्ट भैसकेका शब्दहरूलाई समातेर बसिरहँने प्रवृत्तिलाई स्थान हुँदैन । आफ्नो कुरो प्रष्ट पार्न म के भनिहालौँ भने मास्कोका सडकहरूमा हुँने गफप्रति पुस्किनका मनमा निकै आदर थियो र यस दिशामा उनले आफ्नी नर्स अरिना रेदियोनोभ्नाबाट धेरै नै सिकेका थिए ।

हाम्रो बोलीचालीको भाषाका अनुपम विद्वान लेस्कोभले पनि एक सैनिककी पत्नी, आफ्नी नर्सबाट धेरै नै सिकेका थिए । सामान्यरूपले कुन कुरो लक्ष्य गर्न सकिन्छ भने नर्सहरू, ड्राइभरहरू, माझीहरू, सिकारीहरू र शारीरिक श्रम गर्ने सामान्य स्थितिका महिला–पुरुषहरूले हाम्रो साहित्यिक भाषाको विकासलाई निश्चितरूपले प्रभाव पारेका छन् । तर ती साहित्यकार नै थिए, जसले दैनिक जीवनको बोलीचालीको भाषाको निर्बन्ध धाराहरूका माझबाट सबभन्दा सरल, सबभन्दा बढी अर्थवाही र अधिकाधिक उपयुक्त शब्द चयन गरेर भाषालाई समृद्ध बनाए ।

साहित्यको दोस्रो अङ्ग हो– विषयवस्तु । विषयवस्तुको अभिप्राय त्यस विचारसित छ, जुन साहित्यकारको मनमा जीवनबाट प्राप्त हुँने अनुभवबाट उत्पन्न हुन्छ । यो विचार साहित्यकारको मष्तिस्कमा रूप ग्रहण नगरी बसिरहेको हुन्छ र यसले आफूलाई रूप देऊ, चित्रित गर भनेर साहित्यकारलाई निरन्तर उद्वेलित गरिरहन्छ ।

संसारमा अनेक किसिमका विषय छन्– केहीलाई सनातन विषय भन्न सकिन्छ, जस्तो मृत्यु र प्रेम । केही यस्ता विषय हुन्छन्, जुन सामाजिक परिस्थितिहरूबाट उत्पन्न हुन्छन् र जसको मूलमा व्यक्तिवाद हुन्छ, जस्तो ईर्ष्या, प्रतिशोध, लोभ आदि । तर धेरै समयअघि नै कुन कुरो भनिसकिएको छ भने हरेक कुरो परिवर्तन हुन्छ र घाम वा जूनको छायाँमा शास्वत भन्ने कुनै कुरो छैन । अब क्रान्तिको घाम उदाएको छ र त्यसले हाम्रो संसारमाथि प्रकाश फैलाइरहेको छ । त्यस प्रकाशमा हामी के देख्न सक्छौँ भने ती 'शास्वत' विषयहरूका मूलमा व्यक्तिको त्यो असहायता र करूण मित्रहीनता थियो, जुन हिंसक वर्गसङ्घर्षमा आधारित समाजमा व्यक्तिका लागि अनिवार्य हुन्छ, यो त्यस्तो सङ्घर्ष हो, जसमा हरेक व्यक्ति अर्को व्यक्तिसित भातको एक गासका लागि र शक्तिका लागि लड्दैछ ।

धेरै मानिसहरू राम्ररी नै कुन कुरो जान्दछन् भने पुँजीवादी समाजको ज्यादै ठूलो विशेषता यसका अधिकांश सदस्य जीवनका सामान्यभन्दा सामान्य आवश्यकताका वस्तुहरू जुटाउन आफ्नो सम्पूर्ण शक्ति खर्च गर्दछन् । मानिसहरू आफ्नो जीवनको यो घृणित र अपमानजनक 'विशेषता' मा अभ्यस्त भएका छन् र यसकारणले उनीहरूले आफ्नो सम्पूर्ण ध्यान आफैमाथि केन्द्रीत गर्नुपर्दछ र आफ्नैबारेमा चौबिसै घण्टा सोचिरहँनुपर्दछ । त्यसो भएर पनि यस सामाजिक प्रणालीको यो भयावह प्रकृतिलाई बुझ्ने मानिसहरू भने कमै मात्र फेला पर्दछन् ।

समाजवादी वर्गहीन समाजको स्थापना भएपछि जुन नयाँ सामाजिक अवस्था उत्पन्न भएको छ, त्यसका कारणले यी 'शास्वत' साहित्यिक विषयहरूमध्ये केही लोप भैसकेका छन् भने केहीको चाहिँ अर्थ नै पूर्णत बललिएको छ । हाम्रो युग त्यस्तो छ, जहाँ एक व्यक्तिको मृत्यु (उसको सामाजिक महत्व जतिसुकै ठूलो किन नहोस्) भन्दा कता हो कता बढी महत्वपूर्ण र धेरै करूण विषयहरू साहित्यकारले सहजै भेट्टाउँछन् । व्यक्तिवादीहरूलाई यो कुरो राम्रो लाग्दैन, तर इतिहासले त स्वयं व्यक्तिहरूलाई नै मृत्युको सजाय दिइसकेको छ ।

साहित्यको तेस्रो अङ्ग हो– विन्यास अर्थात् मानिसहरूको पारस्परिक सम्बन्ध, अन्तरविरोध, सहानुभुति, वैमनस्य र तिनको सामान्य आपसी सम्बन्ध । म के ठान्दछे भने यी तीन अङ्गबाट 'साहित्य' शब्दको समग्र अर्थको बोध हुन्छ, यदि हामी त्यसभित्र केवल नाटक, उपन्यास र कथालाई पार्दछौँ भने शैलीका सम्बन्धमा हामी कुराकानी गर्न सक्दछौँ तर त्यो एउटा त्यस्तो कुरो हो, जुन लेखकको प्रतिभाको व्यक्तिगत गुण हो, यद्यपि के कुरो बिर्सन हुँदैन भने यी व्यक्तिगत विशेषताहरूको उत्पत्ति र विकास पनि बाहिरी कारणबाट निर्धारित हुन्छ ।

म केही कुराहरू यथार्थवादका बारेमा भन्न चाहन्छु । कुन दृष्टिले भने यो उन्नाइसौँ शताब्दीको साहित्यको आधारभुत र सबभन्दा बढी फलप्रद प्रवृत्ति हो । एउटा त्यस्तो प्रवृत्ति, जुन बिसौँ शताब्दीसम्म प्रचलनमा छ । यस प्रवृतिको सबभन्दा ठूलो विशेषता यसको तीक्ष्ण बुद्धिवाद र आलोचना दृष्टि हो । जुन मानिसहरूले यसलाई जन्माए, ती मानिसहरू खासगरी त्यस्ता मानिस थिए, जो बौद्धिकरूपले आफ्नो पारिपार्श्विक समाजभन्दा अघि बढेका थिए र जो प्रस्टरूपमा आफ्नो वर्ग सामाजिक र रचनात्मक दृष्टिले पुँसत्वहीनताको परिचय उनीहरूले आफ्नो शक्तिलाई यथावत राख्ने प्रयत्नस्वरूप यस वर्गले गरेको वर्वर दमनमा पाए ।

यी मानिसहरूलाई पुँजीपति वर्गका 'उच्छृङ्खल पुत्र' भन्न सकिन्छ । बाइबलमा जुन 'प्रोडिगल सन' को उल्लेख भएको हो, त्यही सरह यी मानिसहरूले आफ्नो परिवारको कारागारलाई भत्काए र जड मतवादी र परम्पराबाट प्राप्त संस्कारहरूको भारीबाट आफूलाई मुक्त पारे । यीमध्ये धेरैजसो मानिसहरू आफ्नो मन परेको खाना खान फेरि आफ्नो वर्गमा फर्किएनन्, यसका लागि हामीले तिनलाई धन्यवाद दिनैपर्दछ । उन्नाइसौँ शताब्दीको युरोपेली यथार्थवादीहरूका बारेमा हाम्रो दृष्टिकोण बुर्जुवा आलोचकहरूको मतबाट धेरै नै प्रभावित छ ।

यी आलोचक भाषा र विषयको गुण–दोषको विवेचना गर्दछन् तर विषयवस्तुको सामाजिक महत्वलाई पत्ता लगाउँने र तिनको उद्घाटन गर्ने साहित्यको सामाजिक महत्वलाई बुझ्े । स्तान्धालको स्वागत आलोचकहरू मौनताले गरे । हाम्रो देशमा ज्यादै थोरै मानिसहरू विदेशी पुस्तकहरू मौलिक भाषामा पढ्दछन् र त्यसभन्दा पनि कम मानिसहरू पश्चिमका साहित्यकारहरूको जीवनको इतिहास, उनीहरूको कार्यप्रणाली र विकाससित परिचित छन् ।

पुँजीपति वर्गका यी 'उच्छृङ्खल पुत्रहरू'को साहित्य कुन दृष्टिले ज्यादै मुल्यवान छ भने वास्तविकताहरूप्रति यिनको दृष्टिकोण आलोचकको छ । उन्नाइसौँ शताब्दी धेरै वैज्ञानिक र ओद्योगिक प्रगति भयो । यसको फलस्वरूप पुँजीवादी राज्यहरूको आर्थिक आधारलाई सुदृढ बनाउन निकै नै सफलता प्राप्त भयो । तर फ्रान्सेली साहित्य–त्यतिखेर यो युरोपको प्रधान साहित्य थियो–पुँजीपतिहरूको यस हलचलबाट त्यति खुसी थिएन र उसले मेसिनहरूको बढ्दो प्रभावको प्रशस्तिमा गीत गाएन ।

त्यस समाजमा व्यक्तिलाई आफ्नो स्थिति अनिश्चित लाग्दथ्यो । त्यही अनिश्चितताजन्य निराशाको पूर्ण स्वीकृति उन्नाइसौँ शताब्दीको साहित्यको मौलिक र मुख्य विषयवस्तु हो । शोपनहावर, हार्टमन, लियोपार्दी, स्टर्नर र अन्य अनेकौँ दार्शनिकहरूले जीवनको व्यर्थताको उपदेश दिएर यस चेतनालाई अझ बढी पुष्ट बनाए । जीवनलाई व्यर्थ ठान्ने यस दर्शनको मूलमा पनि व्यक्तिको अरक्षणियता र समाजमा उसको एक्लोपनको चेतनाले नै काम गरेको थियो । सोभियत सङ्घको विजयी वर्गले जुन नयाँ संसारको निर्माण गरेको छ, त्यसमा व्यक्ति आर्केटिकको हिम–प्रदेशहरूमा हराउँने वा मृत्युको स्थायी आशङ्कामा रहँनुपर्ने स्थितिमा समेत आफूलाई एक्लो र असहाय अनुभव गर्दैन ।

उन्नाइसौँ शताब्दी निराशावादी दर्शनहरूको शताब्दी हो । बीसौँ शताब्दीमा आएर यो निराशावादले स्वभाविकरूपले ह्रासोन्मुख समाजतिर घोरतम उदासिनता र कठोरतम नैराश्यको रूप लिन पुग्यो । यसको भुमरीमा परेर त्यो मानवतावादलाई पनि पूर्णतया तिलाञ्जलि दिइयो, जसका बारेमा पहिलेका सबै पुँजीपतिहरूलाई ठूलो घमन्ड थियो ।

दया र सहानुभुतिको जुन ढोङ र आडम्बरले भरिपूर्ण नैतिकताको प्रतिपादन शोपेनहावरले गरेका थिए, धेरैले जसलाई स्वीकार पनि गरेको थिए, त्यसमाथि सिद्धान्तको क्षेत्रबाट निस्सेले भयानकरूपले प्रहार गरे भने व्यवहारको क्षेत्रबाट फासिवादले अझ अरू भयानक र निश्चयात्मकरूपमा त्यसलाई क्षत–विक्षत् बनाउँने काम गऱ्यो । आज पुँजीपति वर्गको कमजोर हुँदै गएको हातबाट यो शक्ति कायम राख्न पुँजीपति वर्ग हिटलरी फासिवादको रूपमा जुन वर्गसङ्घर्षमा प्रवृत्त हुन्छ, त्यसमा ऊ मानिसप्रति घृणा र जीवनप्रति असिम नैराश्यको प्रचारलाई नै आफ्नो मुख्य हतियार बनाउँछ ।

यहीनेर के पनि थप्नु उचिन होला भने पुँजीवादका केही सुयोग्य नोकरहरूलाई पनि (पुँजीवादी व्यवस्थामा) व्यक्तिको सामाजिक स्थितिको अस्थायित्वको आभाष र आभाषमात्र होइन, ज्ञानसमेत थियो । उन्नाइसौँ शताब्दीको लगभग सबै आत्मजीवनी छाडेर जाने प्रमुख सार्वजनिक मानिसहरूले पुँजीवादी समाजको अत्यन्त असन्तोषजनक सङ्कटनका बारेमा विस्तृतरूपमा लेखेका छन् ।

सोभियत सङ्घका विजयी श्रमिकहरूले आजसम्म जुन अनेकौँ सेवाहरू गरेका छन्, तिनमा एउटा के पनि हो भने उसका आश्चर्यजनक र वीरतापूर्ण कार्यहरूले संसारबाटै निराशावादका खियाहरूलाई खुर्केर फ्याँकिएको छ ।

पुँजीपति वर्गका 'उच्छृङ्खल पुत्रहरू'को यथार्थवादको दृष्टि आलोचनापरक थियो । त्यसले समाजका खराबीहरूको अनावरण गऱ्यो र पारिवारिक संस्कारहरू, धार्मिक जडताहरू वा कानुनी दाउपेचहरूको बन्धनमा जकडिएको व्यक्तिको जीवनको रोमाञ्चक कथा लेख्यो ।

तर यसले मानिसहरूलाई यो कारागारबाट मुक्त हुने बाटो भने देखाउन सकेन । हरेक कुराको आलोचना गर्नु त सहज थियो तर ...बाँकी ७ पेजमा

## कविता

हुचरा

### श्रमजीवीको कथा



सुनसुन ए नेपाली हो म एउटा कथा भन्छु
नेपाली श्रमजीवी पत्रकारको व्यथा सुनाउँछु ।
आजभन्दा ४० वर्ष अगाडिको कुरा हो,
जब हामी १८/२० वर्षे भुरा थियौं ।

भूमिगत शैलीमा श्रमजीवी पत्रकार संगठन खोलेका थियौं
प्रेम कैदी त्यो संगठनको नेतृत्व गर्थे ।
गोप्य रूपमा बैठक बस्थ्यौं, लुकिछिपि निर्णय हुन्थे,
तै पनि ती निर्णय मन्त्रीसम्म पुग्थे ।

पञ्च हुन् कि सन्त सबै
ध्यानपूर्वक कुरा सुन्थे, कसैले पनि हुँदैन भन्दै न थे
तर कामका ठाउँमा सिन्को पनि भाचिन्न थ्यो ।
२०४६ सालमा बहुदलीय व्यवस्था आयो,
सबै बहुदलवादीहरू खुला भए ।

खुला त भए तर महिलाको अस्मिता गोप्य राख्ता
जति त्यसको महत्व हुन्छ,
नाङ्गै भैसकेपछि त्यसैलाई दुत्काउँछन्,
यस्तै खुला भयो नेपालको बहुदलीय राजनीति ।

श्रमजीवी को हो र मालिक को हो ?
त्यसको कुनै सीमारेखा राखिएन,
देश शँकटमा परेका वेला तस्करी गर्ने ठूला भए,
मरिमेटेर स्वतन्त्रताका लागि लड्ने दुला पसे,
अहिले ३० वर्ष पछि पनि मर्ने मरिगए,
ज्युदाहरू दुलो भित्रबाट भ्यागुता झैं
ट्याउँट्याउँ गरिरहेकाछन् र
श्रमजीवीको अधिकार खोजिरहेका छन् ।

यसै क्रममा अघिल्लो हप्ता
नयाँसञ्चार मन्त्री कहाँ दाह्रा डित्याउँदै पुगे
यो भन्दा अगाडीका सञ्चारमन्त्रीले झैं
तस्करी पृष्टभूमि बोकेका सञ्चारमन्त्रीले
आश्वासन दिए, म श्रमजीवीकै पक्षमा छु ।

कठै नेपाली सञ्चार श्रमजीवी कर्मीहरू
तिमीहरूको कर्म, कोही तस्करको लगौटीमा बेरिएका छौ,
कोही नेतको लँगौटीमा त
कोही बिदेशी दुतावासको आडमा कतिन्जेल बाँच्छौ ?
आफू त डुब्यो डुब्यौ, सन्तानको ख्याल गर !

## गणतन्त्रः खसीका मुखको कुभिन्डो

✍ होम सुवेदी

केही शान्ति र चैन जो अघि थियो नासेछ यो छेदले
हाम्रो राष्ट्र अखण्ड जो अघि थियो भाँचेछ यो छेदले
धामी झाँक्री पुरेत हो मुलुकको फुक्फाक केही गर
ल्याएछन् गणतन्त्र यो मुलुकमा त्यस्बाट टाढा सर ॥

हाम्रो देश सखाप पार्छ कि कसो सारै पिराहा रछ
यो देशै सतचूर्ण गर्छ कि कसो यो ता ठिमाहा रछ
मारी सत्रहजार मानिस जसै आउँदै गरेको थियो
यो आउँदा त्यस पापीका अगतिको जुठो परेको थियो ॥

हामी देश र देशवासीहरूको अन्यायी साहु रछ
लाखौं ज्यान बली चढाउनु पऱ्यो पापिष्ट राहु रछ
सिङ्गै देश डढाउँदैछ यसले यो पारीकै छेद हो
यो जैरे गणतन्त्र धोती मुतुवा टुप्पो न हो फेद हो ॥

लाखौं चण्डमुसन्डका दलहरू यस्ले उमार्यो यहाँ
अर्काका सिरमा चढेर यसले तिन्लाइ सुमार्यो यहाँ
पालेछौं यसलाई केही नबुझी हाम्रै गर्यो दुर्गति
यस्को मान गरेर हामीहरूले हाम्रै गरेछौं खती ॥

यो तिम्रो गणतन्त्र जो छ खसीको मुख्मा कुभिन्डो भयो
पार्ने दाउ थियो सिधा तर मुले सारै उभिन्डो भयो
यस्को यो हुलिया बुझेर जनता हामी धकायौं अब
लैजाऊ तिमी नै पर्चन्न मुखिया हामी अघायौं अब ॥


## सूचना

राष्ट्रिय क्रान्तिकारी बुद्धिजीवी मञ्च नेपालको प्रकाशन विभागद्वारा प्रकाशित हुन गइरहेको विचारप्रधान त्रैमासिक

**'वर्गबोध'**

छिट्टै बजारमा उपलब्ध हुने सहर्ष जानकारी गराइन्छ ।


प्रकाशन विभाग

वर्गबोध त्रैमासिक

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

## आलोपालो

# कम्युनिष्ट क्रान्तिकारीहरूबीच एकता तथा ध्रुवीकरणको सवाल


● प्रेमनाथ सुवेदी

नेपालको कम्युनिष्ट आन्दोलन यतिबेला गंम्भीर मोडमा छ । संसोधनवादी तथा नवसंशोधनवादीहरूले कम्युनिष्ट आन्दोलनका आधारभूत सिद्धान्तमाथि प्रहार गर्दै कम्युनिष्टकै नाममा जनतालाई विभिन्न भ्रम दिइरहेका छन् । एकातिर संशोधनवादका विरुद्धमा वैचारिक राजनैतिक संगठनात्मक हिसाबले संघर्ष गर्दै कम्युनिष्ट आन्दोलनलाई अगाडि बढाउने ऐतिहासिक भूमिकाको आवश्यकता छ भने अर्कोतर्फ साम्राज्यवादले नवउदारवाद भूमण्डलीकरणको आडमा गर्दै आएको नवऔपनिवेशीकरण शोषण, दमन र उत्पीडनका विरुद्धको संघर्षलाई निर्णायक रूपले विजयको दिशामा अगाडि बढाउनुपर्ने दायित्व कम्युनिष्ट क्रान्तिकारीको काँधमा आएको छ । तसर्थ, उपरोक्त प्रकारको कार्यभारलाई पुरा गर्न मालेवादको आलोकमा क्रान्तिकारी कम्युनिष्ट पार्टीको निर्माण, ब्यापक संयुक्त मोर्चा र जनताको वर्ग संघर्षको जगमा सशस्त्र जनशक्तिको निर्माणद्वारा सर्वहारा वर्गको नेतृत्वमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्दै समाजवाद र साम्यवादको दिशामा अगाडि बढ्ने दृढ संकल्प अहिलेको आवश्यकता हो ।

कम्युनिष्ट आन्दोलनमा देखिदै आएका गलत प्रवृत्ति र दृष्टिकोणले बेलाबखत पार्टी विभाजन हुने र कैयौं क्रान्तिकारी नेता कार्यकर्ता समेत त्यस प्रकारको भ्रममा पर्दै आएका थुप्रै घटनाहरू हाम्रा अगाडि छन् । अवसरवाद तथा संशोधनवादका विरुद्धको वैचारिक संघर्षले क्रान्तिकारीहरूलाई त्यहाँबाट मुक्त गर्ने तथा कम्युनिष्ट आन्दोलनलाई ध्रुवीकरणलाई गर्न सहयोग पुग्दछ । कम्युनिष्ट आन्दोलन यतिबेला पुनर्निर्माणको संघारमा उभिएको वास्तविकतलाई आत्मसात गर्दै नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) विभिन्न ठाउँमा छरिएर रहेका सबै क्रान्तिकारीहरू गोलबद्ध गर्ने उद्देश्यसहित एकता तथा ध्रुवीकरणको प्रस्तावसहित सबैमा अपिल गरेको छ । निश्चय नै यो अपिलले विभिन्न समूहमा रहेका क्रान्तिकारीहरूलाई एकीकृत हुन तथा कम्युनिष्ट आन्दोलनलाई नयाँ गतिमा लैजानका लागि महत्व राख्ने छ ।

कम्युनिष्ट पार्टीको निर्माण मुख्यतः देशको प्रतिक्रियावादी राज्यसत्तालाई ध्वस्त गर्न तथा नयाँ जनवादी क्रान्तिको कर्याभारलाई पुरा गर्ने उद्देश्यलाई केन्द्रमा राखेर गर्नु पर्दछ । एकताको कुरा संशोधनवादीहरूले पनि गर्दै आएका छन् र त्यो एकताको उद्देश्य विद्यमान संसदीय व्यवस्थाको रक्षा, पद प्रतिस्ठा र विशेष गरेर चुनावलाई केन्द्रविन्दुमा राखेर गरिएको छ भने क्रान्तिकारी माओवादीले गरेको अपिलका बीचमा मौलिक रूपमा भिन्नता रहेको छ । नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी)ले सिद्धान्तनिष्ठ विचारधारात्मक एकताको पक्षमा आफूलाई उभ्याउँदै एकताका आधारहरूले अगाडि सारेको छ । वैचारिक, राजनैतिक तथा संगठनात्मक सिद्धान्तलाई उपेक्षा गरिने एकताले आन्दोलनलाई अरु विभाजन र विघटनतर्फ लैजान्छ । त्यो कुरामा ध्यान नपुग्दा जसरी हिजोका शक्तिशाली आन्दोलन तथा संघर्षहरू प्रतिक्रियावादी तथा साम्राज्यवादीहरूको कब्जामा हुन पुगे । त्यो नियति फेरि नदोहोरियोस् भन्ने कुरामा सचेत हुन जरुरी छ । अहिले कम्युनिष्ट आन्दोलन जुन मोडमा छ, त्यसका वस्तुगत तथा आत्मगत पक्षप्रति गम्भीर समीक्षा गर्दै क्रान्ति र परिवर्तनलाई केन्द्रमा राखेर नै एकतासम्बन्धी विषयलाई अगाडि बढाउनु पर्दछ ।

नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) ले एकताका आधारहरू यस प्रकार निश्चित गरेको छ । मालेमावादलाई मार्गनिर्देशक सिद्धान्त स्वीकार गर्ने, नयाँ जनवादी क्रान्तिलाई स्वीकार गर्ने, क्रान्तिमा बल प्रयोगको सिद्धान्तलाई मान्ने, वर्तमान पश्चगामी संविधानलाई अस्वीकार गर्ने, वर्तमान प्रतिक्रियावादी सत्ता र सरकारलाई अस्विकार गर्ने र जनवादी केन्द्रीयताको सिद्धान्तलाई स्वीकार गर्ने शक्ति तथा समुहहरूसँग एकता गर्न सकिने कुरा स्पष्ट छ । उपरोक्त आधारलाई स्वीकार गर्ने शक्ति समुह वा व्यक्तिलाई एकीकरण, ध्रुवीकरण प्रक्रियामा ल्याउन क्रान्तिकारीहरूको दायित्व र कर्तब्य पनि हो । एकतालाई मात्र नाराको रूपमा अगाडि सार्ने र ठोस र मूर्त रूपमा एकताको पहल नगर्ने दृष्टिकोणबाट पनि आन्दोलनलाई क्षति पुग्दै आएको इतिहास हाम्रो सामु छ । आधारहरू सैद्धान्तिक राजनैतिक रूपमा समान दृष्टिकोण हुनेहरूका बीचको एकता अनिवार्य सर्त हो ।

वैचारिक, राजनैतिक तथा संगठनात्मक सिद्धान्तमा समानता रहँदा रहँदै अलग संगठन निर्माण गर्ने कुरा फुटपरस्त सोचाइ हुने । विडम्बना नै मान्नु पर्दछ, नेपालको कम्युनिष्ट आन्दोलनमा यो प्रवृत्ति पनि रहँदै आएको छ । सामान्य रूपमा आफूलाई क्रान्तिकारी सिद्धान्तनिष्ठ देखाउन खोज्ने तर क्रान्तिकारी भूमिका र दायित्वबाट अलग रहने र साँचो अर्थमा वर्गसंघर्षबाट पन्छिने जुन प्रवृत्ति छ, यसले सारमा प्रतिक्रान्तिको नै सेवा गर्दछ । यस प्रकृतिले शब्दमा जतिसुकै क्रान्तिको कुरा गरे पनि व्यवहारतः आन्दोलन र क्रान्तिकारी पार्टीको निर्माण गर्ने उद्देश्यलाई कमजोर बनाउँदै आएको छ । विशेष गरेर नेपालको कम्युनिष्ट आन्दोलन इतिहासलाई हामीले हेर्‍यौं भने त्यो समस्या बारम्बार देखिन्छ । त्यो नकारात्मक पक्षबाट सिक्दै आन्दोलनलाई एकीकृत तथा ध्रुवीकृत गर्न हामीले मेहनत गर्नु पर्दछ । एकता तथा ध्रुवीकरण गर्ने कुरा जति प्रिय छ, त्योसँग जोडिएका जटिलता र चुनौतिको पनि उपेक्षा गर्नु हुँदैन । एकता र विभाजनलाई निरपेक्ष अर्थमा बुझ्ने र त्यो सँग जोडिएका वैचारिक, राजनैतिक तथा संगठनात्मक प्रश्नलाई उपेक्षा गर्ने जुन चिन्तन कम्युनिष्ट आन्दोलनमा छ, त्यसले गम्भीर समस्या पैदा गर्ने गर्दछ ।

नेपालको कम्युनिष्ट आन्दोलनमा एकता र विभाजनसम्बन्धी प्रश्न मार्क्सवादी-लेनिनवादी-माओवादी दृष्टिकोणबाट भन्दा पनि अवसरवादी दृष्टिकोणबाट एकता र विभाजनलाई बुझ्ने गलत प्रवृत्तिहरू देखा पर्दै आएका छन् ।

### कस्तो...

संशोधनवादीहरूका फाटेका जामा लगाएर 'संपूर्ण जनताको पार्टी' भन्ने बकबासलाई अगाडि ल्याईरहेका छन् । जस्तो सबैलाई थाह छ, तिनीहरूले सर्बहारा वर्गको राजनीतिक पार्टीलाई विकृत गरेका छन्, लेनिनले स्थापना गरेको रुसी कम्युनिष्ट पार्टीलाई एउटा संशोधनवादी पार्टी, फासिष्ट पार्टीमा बदलेका छन् । यो अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको लागि एउटा गंभीर शिक्षा हो । पार्टीको चरित्रको प्रश्नमा हाम्रो पार्टीमा पनि तीखो संघर्ष चलेको छ । पार्टीको चरित्रलाई विकृत गर्ने प्रयास स्वरूप श्रमजीवि वर्गको ठग र विश्वासघाती लिउ शाओ चिले 'पार्टी जनसमुदायको पार्टी हो, जनताको पार्टी हो' भन्ने विचार प्रवाहगर्न हर प्रयत्न गर्‍यो । महत्वाकांक्षी, षडयन्त्रकारी, पाखण्डी प्रतिक्रान्तिकारी र राष्ट्रघाती लिन पियाओले पनि पार्टीको आधार भुत कार्यदिशा र कार्यक्रम बदल्न यस्तै प्रयत्नहरू गर्‍यो । कथित साम्यवादको निकम्मा ब्राण्ड अगाडि सारेर उसले हाम्रो मार्क्सवादी पार्टीलाई प्रतिक्रान्तिकारी पुनर्स्थापनाको हतियार संशोधनवादी पार्टीमा बदल्ने आशा गर्‍यो । लिन पियाओको आलोचना गर्न र कार्यशैलीलाई सुधार्न अध्यक्ष माओले व्यक्तिगतरूपमा सुरु गर्नु भएको र नेतृत्व गर्नु भएको महान सर्बहारा सांस्कृतिक क्रान्ति र आन्दोलनले पार्टीको चरित्र बदल्ने र पूंजीवादको पुनर्स्थापना गर्ने ल्यु शाओ ची र लिन पियाओको आपराधिक षडयन्त्रलाई पूर्णत ध्वस्त पार्‍यो । हाम्रो पार्टी पहिल्यै भन्दा शुद्ध, खंदिलो र बलियो भएर देखा पर्‍यो । पार्टी भित्र चल्ने दुईलाईनका बीचको संघर्षले पार्टीको चरित्र रक्षागर्ने कुराको महत्वलाई गहिरो गरी दर्शाउंछ । यो पार्टी र सत्ताको भाग्यसंग र क्रान्तिको जित हुन्छ कि हार हुन्छ भन्ने प्रश्नसंग घनिष्ट रूपले जोडिएको छ । मार्क्सवाद-लेनिनवाद-माओत्सेतुङ्ग विचारधारालाई प्रयोग गरेर निरन्तर पार्टी निर्माण गरीराख्ने, पार्टीको चरित्रलाई विकृत गर्न संशोधनवादीहरूले गरेका षडयन्त्रलाई भण्डाफोर र दुरुत्साहित गर्ने कामले पार्टीले सधै सर्बहारा चरित्र जोगाई राख्ने कुरालाई सुनिश्चित गर्ने छ ।

एउटा कम्युनिष्टका लागि, पार्टीको सर्बहारा वर्गचरित्रको रक्षा गर्न आवश्यक पर्ने महत्वपूर्ण कुरा उसको सर्बहारा वर्गीय जांगरलाई मजबुत गराउनु हो । हामीले बुझ्नु पर्दछ कि मार्क्सवादी-लेनिनवादी राजनीतिक पार्टी निर्माण गर्ने र यसको सर्बहारा वर्गीय चरित्र रक्षा गर्ने कुरा हरेक पार्टी सदस्यको कार्यभार हो । पार्टी एउटा जीवित वस्तु जस्तै हो, र यसका सदस्यहरू जीवित वस्तुका कोषहरू जस्तै हुन् । प्रत्येक पार्टी सदस्यहरूमा जति धेरै उत्साह हुन्छ त्यति नै उसले उदाहरणीय भूमिका पुरा गर्न सक्दछ र त्यति नै राम्रो संग पार्टीको सर्बहारा वर्गीय चरित्रको रक्षा हुने छ । सर्बहारा वर्गीय पार्टी स्पिरिटलाई बलियो बनाउन, एउटा कम्युनिष्टले मार्क्सवादी अडान, दृष्टिकोण र विधीलाई मेहनतसाथ पढ्न, अध्ययन गर्न र आत्मसात गर्न कोशिस गर्नु पर्दछ । उसले सिद्धान्त र व्यवहारलाई जोडन र सही कार्यदिशालाई गलत कार्यदिशाबाट छुट्याउने र सच्चा मार्क्सवादलाई नक्कली मार्क्सवादबाट अलगगर्ने क्षमताको बृद्धि गर्न सक्नु पर्दछ । उसले संधै पार्टीको आधारभूत कार्यदिशालाई र 'तीन गर र तीन नगर' (२३) को सिद्धान्तलाई दिमागमा राख्नु पर्दछ र उसले गलत कार्यदिशा र प्रवृत्तिहरूका बिरुद्ध निर्मम संघर्ष गर्ने आंट पनि गर्नु पर्दछ । यसो गर्नका निमित्त, उसले तीन महान् क्रान्तिकारी आन्दोलनहरूको व्यवहारमा सक्रियतापूर्वक हाम फाल्नु पर्दछ, पार्टीको वैचारिक स्तरलाई भेटाउनका लागि आफ्नो विश्व दृष्टिकोण बदल्न अथक मेहनत गर्नु पर्दछ र साम्यवादको दृढ योद्धा बन्न आफुलाई प्रशिक्षित गर्नु पर्दछ ।

*(चिनियाँ कम्युनिष्ट पार्टीबारे आधारभूत बुझाई पुस्तकबाट)*

### क्रान्तिकारी....

आफ्नै सेना सरकारी खर्चमा रहेको थियो । लाखौं लाख जनता समर्थक बनेका थिए । माओवादीले युद्धमा करार गरेका दुश्मन राजा, कांग्रेस, एमाले प्रतिरक्षामा पुगेका थिए । माओवादीकै कारण २५० वर्षदेखि ईश्वरीय शक्तिको रूपमा रहेको सामन्तवादको नायक राजतन्त्रका पात्र राजा ज्ञानेन्द्र राजगद्दि छाडी नागार्जुन जङ्गलतर्फ लागेका थिए । संसदीय व्यवस्थाका मसिहा मानिने कांग्रेस, एमालेले ३७, ३३ सिटमा खुम्चिएका थिए । त्यसमा पनि मुख्य नेतृत्ववाला आउन सकेका थिएनन् । सरकार माओवादीकै बनेको थियो । अब यो सुखद्काल सम्झनामा मात्र रह्यो ।

राजा भागेकै थियो, संसदीय पार्टीहरू म्याऊ–म्याऊको अवस्थामा पुगेका थिए । गाउँ शहर बजार जतातत्तै माओवादी हैकम थियो । यसलाई सदुपयोग गरेर देशलाई अघि बढाउने समय आएको थियो । तर पार्टीभित्र नेतृतवमा तीन गुट बनेको रहेछ । समग्रको त्याग तपस्या बलिदानीबाट भएको यस्तो परिस्थिति निर्माण बुर्जुवा बाबुरामले मैरै प्रस्तावले बनेको भन्दा रहेछन् भने प्रचण्डले मैरै प्रस्तावले बनेको भन्दा रहेछन् । क.किरणले क्रान्तिलाई लगातार अघि बढाउन कोशिस गरिरहेका थिए । माओवादीकै यही कालमा धन्न संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता, समानुपातिक समावेशी जस्ता परिवर्तनहरू भए । यदि तत्काल यी समेत स्थापित नभएको भए पछिल्लो कालमा केही पनि प्राप्त नहुने रहेछ ।

माओवादी पार्टीभित्र क्रान्तिलाई लगातार अघि बढाउनु पर्दछ भन्ने मत बहुमतमा नै थियो । जब पार्टी खुला भयो, पार्टीमा जनयुद्धका विरोधी बुर्जुवा सुकिला मुकिलाहरूको प्रवेश सुरु भयो । जसमा संस्थागत रूपमा जनयुद्ध विरोधी नारायणकाजीको एकता केन्द्र मसाल ग्रुपले प्रवेश गरी पार्टीको नाम नै परिवर्तन गरी एकीकृत माओवादी बन्न पुग्यो । त्यसपछि यस पार्टीको दुर्दिन सुरु भए । अब पार्टी केन्द्रीय समिति ३५ जना होइन, सयौंको भयो । प्रचण्ड र बाबुराम बिच सरकारको नेतृत्वका लागि प्रतिक्रियावादीको चाकडी कस्ले बढी गर्ने भन्ने प्रतिस्पर्धा नै भयो । धोबिघाटको सानो गल्ति कमजोरीले बाबुराम प्रधानमन्त्री बन्न पुगे । उनले भारतसंग बिप्पा सम्झौता गरे, जनसेना बिघटन गरे, सुकुम्वासी वस्तिमा डोजर चलाए, हुँदा खादाको आफ्नो एक किसिमले बहुमतको संविधान सभा नै विघटन गरे । क्रान्तिको रक्षाका लागि भन्दै पहिलाको ३५ जनाको केन्द्रीय समितिका मोहन वैद्य, सी.पी. गजुरेल, राम बहादुर थापा, देवप्रसाद गुरुङ्ग, हरिभक्त कंडेल, हितमान साक्य, कुलबहादुर के.सी. नेत्रबिक्रम चन्द, पम्फा भूषाल, धर्मेन्द्र वास्तोला, नारायण प्रसाद शर्मा, इन्द्रमोहन सिक्देल, खड्गबहादुर विश्वकर्मा आदिले छुट्टै भेला गरी नेपाल कम्युनिस्ट पार्टी - माओवादी गठन गर्न पुगे । यसरी पार्टी बिभाजन हुन पुग्यो । क्रान्तिकारीहरू पार्टीबाट बाहिरिएपछि एमाओवादीको महाधिवेशन भयो । यस महाधिवेशनले जनवादी क्रान्ति पुरा भएको, अब समाजवादी क्रान्ति गर्ने भन्दै क्रान्तिको बाटो नै फेर्‍यो । प्रचण्ड र बाबुरामको खिचातानीमा कर्मचारी खिलनाथलाई नेतृत्व सुम्पी दोस्रो संविधान सभाको चुनाव भयो । यसलाई माओवादीले बहिस्कार गर्‍यो, (एमाओवादी) ले २६ सिट मात्र जित्न पुग्यो । न ड्यास माओवादीले यसै चुनाव बहिस्कारबाट क्रान्ति सुरु गर्न सक्यो, न एमाओवादीले आफ्नो वर्चश्व बनाउन सक्यो । भद्रगोल हिसाबले संबिधान पनि बन्यो । किरणले क्रान्ति गर्न नसकेको भन्दै नेत्रविक्रम चन्दले पहिलो नेतृत्वका खड्गबहादुर विश्वकर्मा र धर्मेन्द्र वास्तोलालाइ लिएर छुट्टै पार्टी गठन गरे । रामबहादुर, पम्फा, हितमान, कुलबहादुर, देव गुरुङ्ग, नारायण प्रसाद आदि एमाओवादीमा फर्के । हाल अघिल्लो ३५ जनामध्ये ५ जना नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)मा बाँकी रहेका छन् । देवेन्द्र पौडेल, हिसिला यमी, बाबुरामबाहेक सबै माओवादी केन्द्रमा छन् । हाल ने.क.पा. (क्रान्तिकारी माओवादी) को केन्द्रीय समितिको बैठकले माओवादीबीच एकताको प्रस्ताव ल्याएको छ । त्यस्तै माओवादी केन्द्रले पनि केन्द्रीय समितिको बैठकबाट माओवादी पार्टीबिचको एकताको प्रस्ताव ल्याएको छ । सम्भवतः नेत्रविक्रम चन्दले पनि एकताको प्रस्तावलाई अस्विकार गर्दैनन् होला । अर्कोतर्फ बाबुराम नयाँ शक्तिको नाममा कम्युनिस्ट आन्दोलनबाटै भागेकाले उनका बारेमा केही भन्नुपर्ने अवस्था छैन । अब के साँच्चै होला त माओवादी नामधारी सबै पार्टीबिच एकता ? रामबहादुर बादल लगायत मणी थापा, मातृका यादव सबै जम्मा गरी प्रचण्डले माओवादी केन्द्र गठन गरेका छन् । माओवादी केन्द्र गठन गर्दा केन्द्रीय समिति नै चार हजारको बनेको छ । अझ यसले माओवादी नाम मात्रको पनि क्रान्तिकारी शक्ति नेपालमा नरहोस भन्ने दुरासयले यो प्रस्ताव ल्याएको हुन सक्दछ । प्रचण्डलाई लाल गद्दार भन्दै पार्टीबाट बाहिरिएका रामबहादुर, देव गुरुङ्गहरू आएकै छन् । समाजवादी क्रान्ति गर्न कांग्रेससंग चुनावी तालमेल भएकै छ । अब यो भन्दा पतन हुने कुनै ठाउँ अझै छ र ? भारतीय विस्तारवादको चाकडी चाप्लुसी गरी राष्ट्रिय स्वाधीनतालाई खत्तम पार्न अब के बाँकी छ ? उनीहरू वर्गसंघर्ष परित्याग गरेर वर्ग समन्वयको बाटो हिंडेका छन् । कांग्रेसभन्दा पर गएर प्रतिक्रियावादी कित्तामा पुगेको माओवादी केन्द्रसँग क्रान्तिकारी माओवादीको एकता त सहकार्यको पनि सम्भावना देखिन्न ।

क्रान्तिकारी माओवादीले एकता गर्न खोजेका माओवादीहरू तिनीहरू हुन्, जसले अझै जनवादी क्रान्तिको कार्यभार पुरा भएको छैन, सत्ता बल प्रयोगबाट मात्र प्राप्त गर्न सकिन्छ भन्ने मान्यता राख्दछन्, जो निरन्तर क्रान्तिको बाटो अवलम्बन गर्न राजी हुन्छन्, जसले यस संसदीय व्यवस्थालाई अस्विकार गर्दछन् आदि शर्तहरू छन् । माओवादी केन्द्र धेरै परगइसकेको छ । यसले संसदीय व्यवस्थालाई नै मार्गनिर्देशक सिद्धान्तका रूपमा लिएको छ । अब क्रान्तिको आवश्यकता छैन, शान्तिपूर्ण तरिकाले समाजको परिवर्तन गर्न सकिन्छ, अब कोही पनि मित्र दुश्मन छैनन्, आर्थिक विकास गर्न जो जो राजी हुन्छन्, उसैसंग सहकार्य र एकता हुन सक्दछ भन्ने मान्यता राख्दछ । माओवादीको अर्को घटक नेत्रविक्रमको छ, यसले हालसम्म बलप्रयोगको सिद्धान्त, संसदीय व्यवस्थाको बिरोध आदि गरिरहेको छ । तर यसले पनि समाजवादी क्रान्ति गर्ने, एकीकृत क्रान्तिको कार्यदिशा आदि भन्दै आएको छ । संसदीय व्यवस्थामा पतन नभएसम्म यस समूहसंग वार्ता छलफल सहकार्य सम्भव छ ।

यस बाहेक माओवादी क्रान्तिमा लागेको ठूलो जनसमूहहरू अहिले पर्दा पछाडि रहेको छ । माओवादीले लुटपाट, हत्या हिंसा गरेर आफ्नो जीवन धान्दछन्, यिनीहरूले आतङ्क सिर्जना गर्नेछन् भनेर प्रतिक्रियावादीले भनेजस्तो माओवादी मतका जनताले गरेका छैनन् । बरु सुंगुर बङ्गुर पालेका छन्, कतारको खाडीमा बसेका छन्, अपवादबाहेक एक सहिद, बेपत्ता परिवार पनि एमाले कांग्रेसमा गएका छैनन्, माओवादी केन्द्रले कांग्रेसलाई भोट हाल्न दिएको निर्देशन जनताले पालना गरेका छैनन्, अझै क्रान्ति पर्खिएर बसेका छन्, त्यसैले माओवादी एकता आजको आवश्यकता भएको छ । माओवादी व्यक्ति, विचार समूह आदिसँगको क्रान्तिकारी एकताविना क्रान्ति दिवासपना मात्र हुन जानेछ । वर्गसंघर्षको प्रक्रिया अगाडि बढ्दै जाँदा सच्चा कम्युनिष्ट क्रान्तिकारी तथा माओवादीहरूबीच एकता र ध्रुवीकरणले साकार रूप लिदै जानेछ ।

### भारतविरुद्ध...

जानकारी गराउँदै भारतलाई तनाव कम गर्नका लागि सेना फिर्ता गर्न भनेको थियो । चीनले अगस्ट १ मा चिनियाँ जनमुक्ति सेनाको ९० औं स्थापना दिवसको अवसरमा आयोजना गरेको सैन्य प्रदर्शनीमा अत्याधुनिक हतियार प्रदर्शन गर्दै सार्वभौमिकताको रक्षा गर्न सक्षम रहेको बताएको थियो ।

केही समययता जारी तनावले एसियाली क्षेत्रमा व्यापक चर्चा पाएको छ भने चीनमा डोकलाम क्षेत्रमा प्रवेश गर्ने भारतविरुद्ध कारबाही गर्नुपर्ने जनमत बढ्दो अवस्थामा छ । यद्यपि चीनले हालसम्म पनि सैनिक कारबाही गर्ने विषयमा मौन बस्दै आएको थियो ।

चीन-भारतबीच कूटनीतिक रूपमा समस्या समाधानको कोशिस गर्न खोजिएपनि चीनले भारतसँग वार्ता गर्नका लागि पहिले सीमा क्षेत्रबाट भारतीय सैनिक हटाउनुपर्ने बताउँदै आएको छ । यसअघि डोकलाम विवाद समाधानका लागि चीन र भुटानबीच २२ पटक सम्म वार्ता भएर सहमति नजिक पुगेपछि त्यसको नेतृत्व गरेका तत्कालीन भुटानी प्रधानमन्त्री जिग्मे वाई थिन्ले प्रधानमन्त्रीबाट हट्नुपरेपछि रोकिएको छ ।

सोही विवादले उग्ररूप लिएपछि दुई एसियाली राष्ट्रहरू पुनः एक पटक शक्ति प्रदर्शनको होडमा लागेका छन् । भारतले सो क्षेत्रमा चीनले सडक निर्माण गरेपछि सिलिगुडी कोरिडोरमा त्यसको प्रभाव पर्ने भन्दै चिन्तित रहेको छ । चीनले भने छिमेकी देशले गरेका विकास निर्माणका कामबाट मेरो देशमा सुरक्षाखतरा हुन्छ भन्नु पाखण्डीपन भएको बताएको छ ।

चीनले डोकलाम क्षेत्रमा निर्माण गरेको सडकबाट 'चिकेन नेक' मा निगरानी गर्ने र यसबाट भारतको पूर्वी सात वटा राज्यलाई असर गर्ने चिन्ताका कारण भुटानसँगको विवादमा समेत हस्तक्षेप गर्न पुगेपछि चीन आक्रोशित बनेको हो । चीनले सो क्षेत्रबाट भारतीय सैनिक नहटेसम्म वार्ता नगर्ने बताएपछि कूटनीतिक संवाद नभइरहेका बेला सेना फिर्ता नगरे चीनले फिर्ता गराउन सानो सैनिक अभियान चलाउने बताएपछि त्यसले सो क्षेत्रमा युद्ध हुने भय सिर्जना भएको छ ।

### असमान...

सो सम्झौता खारेज गरी राष्ट्रका लागि निर्माण गर्ने उपयुक्त समय आएको भन्दै सहमतिका नाममा राष्ट्र बारम्बार ठगिने प्रवृत्ति अन्त्य हुनुपर्नेमा जोड दिए ।

राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले जीएमआर कम्पनी लगानी पनि जुटाउन नसक्ने र आयोजना नबनाएर आयोजनामात्र ओगट्ने भएकोले माथिल्लो कर्णाली सम्झौता खारेज गर्नुको विकल्प नदेखिएको बताए ।

पूर्वजलस्रोत मन्त्री दीपक ज्ञवालीले संसारकै उत्कृष्ट आयोजनाका रूपमा रहेको माथिल्लो कर्णाली आयोजना नेपालका लागि नभई भारतका लागि निर्माण हुनु दुखद कुरा भएको भन्दै तीन सय मेगावाट उत्पादनका लागि अनुमति लिएर ९ सय मेगावाटको परियोजना विकास सम्झौता (पीडीए) हुनु गैरकानूनी भएको स्पष्ट पारे ।

त्यसैगरी पूर्व जलस्रोत सचिव द्वारिकानाथ ढुंगेलले माथिल्लो कर्णाली जलाशययुक्त आयोजना बनाउँदा तल्लोतटीय क्षेत्रका बर्दिया राष्ट्रिय निकुञ्ज र कैलाली र बर्दियाका रानीजमरा, कुलरिया, सूर्यपटुवालगायतका सिँचाइ आयोजना प्रभावित हुने र यसमा सिँचाइ मन्त्रालयको समेत बिमती रहेको जानकारी गराए ।

जलस्रोतविद् रत्नसंसार श्रेष्ठले माथिल्लो कर्णाली आयोजना जलाशय परियोजनाका रूपमा अघि बढाउन सके त्यसबाट सुख्खायाममा नेपालमात्र नभई भारतसमेत लाभान्वित हुने भएकोले माथिल्लो कर्णाली परियोजनाको स्वरूप परिवर्तन गर्नुपर्नेमा बताए । जलस्रोत अभियन्ता रतन भण्डारीले माथिल्लो कर्णाली पीडीएमा जीएमआरलाई नेपाली कम्पनीलाई समेत नदिइएको छुट दिनुका साथै नेपालको हितविपरीतका थुप्रै प्रावधान राखिएका कारण पीडीए खारेज हुनुपर्ने उल्लेख गरे ।

यसैगरी सन् २०१५ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको चीन भ्रमणका क्रममा दुई देशबीच नेपाली भुभाग लिपुलेकलाई व्यापारिक क्षेत्रका रूपमा प्रयोग गर्ने सहमति खारेज गर्न जोडदार माग उठाउन पनि प्रधानमन्त्री देउवाको ध्याकर्षण गराइएको छ ।




प्रकाशक : रामसिंह बुढाथोकी, प्रबन्ध निर्देशक : बद्री बजगाईं, सम्पादक : इन्द्रबहादुर राउत, सहसम्पादक : केशरमणि कटुवाल, फोटो: जय दाहाल, कार्यालय : बुद्धनगर, काठमाडौं, सम्पर्क नं. : ०१-४७८५७६३/९८५११३४८३०, इमेल : bargadristi073@gmail.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।